वर्ष : १६, अंक : १३, काठमाडौं, २०७७ असार २६ गते शुक्रबार, 10 July 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## गिरीको निष्काशन संसदद्वारा स्वीकृत

काठमाडौं । समाजवादी पार्टीले सांसद सरिता गिरीको निष्काशन संघीय संसदले स्वीकृत गरेको छ । समाजवादी पार्टीले आफ्ना सांसद सरिता गिरीलाई पदबाट निष्कासन गरेको जानकारी पत्रमार्फत संसद् सचिवालयलाई गराएको थियो । सरिता गिरीको प्रतिनिधिसभा सदस्य पद रिक्त भएको संघीय संसद सचिवालयले जनाएको छ । संसदका महासचिव डा. भरतराज गौतमले बिहीबार प्रकाशित गरेको सूचना अनुसार गिरीको समानुपातिक सांसद पद रिक्त हुन आएको हो । समानुपातिकतर्फबाट प्रतिनिधित्व गर्ने गिरीले पार्टीको ह्वीप उल्लङ्घन गरेको भनी केन्द्रीय समितिको बैठकले निष्काशन गर्ने निर्णय भएको पत्र प्राप्त हुन आएकोले उनको पद रिक्त भएको सचिवालयले जनाएको हो । राजनीतिक दल सम्बन्धी ऐन बमोजिम आवश्यक प्रक्रिया पूरा गरेको देखिएकाले संविधान बमोजिम उनको पद रिक्त भएको सचिवालयले जनाएको छ । गिरीको पद रिक्त भएसँगै उनको ठाउँमा अब लिला सिटौला सांसद बन्ने भएकी छन् ।

## गठबन्धन बनाउन जनमतको आग्रह

जनकपुरधाम । जनमत पार्टीले नागरिकता विधेयकविरुद्ध गठबन्धन बनाएर आन्दोलन गर्न अन्य दलहरुलाई आह्वान गरेको छ । पार्टीको शनिबार सम्पन्न केन्द्रीय समिति बैठकले यस्तो निर्णय गरेको हो । अध्यक्ष डा. सिके राउतले प्रेस विज्ञप्ति जारी गर्दै अलग अलग र छिन्न भिन्न तरिकाले संघर्ष गर्नुको सट्टा सम्पूर्ण शक्तिहरुको गठबन्धन बनाएर अगाडि बढ्दा आन्दोलनलाई निर्णायक बनाउन सकिने बताए । डा. राउतले जारी गरेको विज्ञप्तिमा गठबन्धनको नाम, एजेन्डा तथा आन्दोलनका कार्यक्रमहरु आपसी छलफलबाट टुंगो लगाइने उल्लेख छ ।

## सरिता गिरीलाई निष्कासन गरेपछि मधेशमा तरंग

# अदालतमा चुनौती दिने तयारी

काठमाडौं । समाजवादी पार्टीले सरिता गिरीलाई कारबाही गरेको विषयमा मधेसमा तरंग उत्पन्न भएको छ । गिरीमाथि गरिएको कारबाही अभिव्यक्ति स्वतन्त्रताविपरीत रहेको भन्दै केही बुद्धिजीवीले समाजवादी पार्टीको निर्णयको आलोचनासमेत गरेका छन् ।

गिरीले आफ्नो कारबाही कानुनी प्रक्रियाबाहिर गई गरिएको दाबी गरेकी छिन् । पार्टीको केन्द्रीय समिति बैठकले मात्र कारबाहीको विषयमा निर्णय गर्नसक्ने भन्दै केन्द्रीय समितिको बैठक नबोलाई गरिएको कारबाही कानुनविपरीत रहेको उनको तर्क छ । उनले निर्वाचन आयोग र संसद् सचिवालयलाई चिठी लेखी आफूमाथि गरिएको कारबाही कानुनबाहिर रहेकाले कारबाही रद्द गर्न आग्रह गरेकी छिन् ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले भने गिरीले गरेको दाबीको विषयमा निर्णय गर्न आयोगको कायक्षेत्र नभएको बताएका छन् । उनले भने, 'उहाँ (गिरीबाट चिठी आएको छ र यस विषयमा निर्णय गर्ने कुरा हाम्रो क्षेत्रभित्र पर्दैन ।'

पूर्वसभामुख दमननाथ ढुंगानाले विचार राख्न राजनीतिक दलहरूको जति हक हुन्छ, त्यति नै हक जनप्रतिनिधिको पनि हुने भन्दै सरिता गिरीमाथि गरिएको कारबाहीबारे पूर्वाग्रह भएरनभएको अध्यन हुनुपर्ने बताए । राजनीतिक विश्लेषक तुलानारायण साहले गिरीलाई सांसद पदसमेत नरहने गरी समाजवादी पार्टीले गरेको कारबाही उचित नभएको बताए । 'संसद् भनेको विचार मन्थन गर्ने थलो पनि हो । संसद्मा फरक विचार राख्दैमा त्यसलाई कारबाही गर्नु अस्वाभाविक हो,' साहले भने, 'गिरीलाई पार्टीले एक पटक सचेत गराउन सक्थ्यो तर यो हदसम्म कारबाही गर्नु स्वाभाविक होइन ।'

यता समाजवादीका सचिव इस्तियाक राईले भने गिरीले राष्ट्रको अखण्डताको विरोधमा बोलेको र पार्टीको ह्विप उल्लंघन गरेको आरोपमा पार्टीले कारबाही गरेको बताए/ । कानुनी प्रक्रियाभित्र रही गिरीलाई कारबाही गरेको उनले दाबी गरे । सामाजिक सञ्जालमा कसैले गिरीलाई गरिएको कारबाही स्वाभाविक भएको धारणा राखेका छन् भने कसैले सांसदको अभिव्यक्ति स्वतन्त्रता बाहिर रहेको भन्दै पार्टीको निर्णयको आलोचना गरेका छन् ।

### सांसद पद गुम्यो

यसबीच पार्टीले सरिता गिरीलाई सांसद र पार्टी दुबैबाट हटाएको छ । लिम्पियाधुरा , कालापानी, लिपुलेक समावेश गरी जारी गरिएको नयाँ नक्सा अनुसारको निशान छाप परीवर्तन गर्न सरकारले ल्याएको संविधान संसोधन विधेयकमा गिरीले संशोधन प्रस्ताव दर्ता गरेकी थिइन् । पार्टीले उक्त प्रस्ताव फिर्ता लिन र विधेयकको पक्षमा मतादान गर्न निर्देशन दिएको थियो । तर गिरीले उक्त निर्देशन अस्वीरकार गर्दै पार्टी



ह्वीप विपररित गएकी थिइन् । मतदानको दिन उनी संसदमा समेत उपस्थित भएकी थिइनन् ।

पार्टी निर्देशन विपरित गएपछि गिरीलाई कारबाही गरिएको समाजवादीका नेता इस्तीयाक राईले बताए । गिरीबारे छानविन गर्न समाजवादीका नेता रामसहाय प्रसाद यादव नेतृत्वको तीन सदस्यीय कार्यदल बनाईको थियो । उक्त कार्यदलले उनलाई संसाद र पार्टीको साधारण सदस्यबाट हटाउन सिफारिस गरेको थियो ।

### गिरी अदालत जाने

यता गिरीले आफूलाई पार्टीको साधारण सदस्यसमेत नरहनेगरि समाजवादी पार्टी नेपालले कारबाही गरेको विषयमा आपत्ति जनाएकी छिन् । उनले आफू यो विषयलाई लिएर अदालतमा जाने पनि जानकारी दिएकी छिन् । उनले अनुशासनको कारवाही गर्ने अधिकार पार्टीको केन्द्रीय समितिलाई मात्रै भएकोले पदाधिकारी बैठकले कारबाही गर्नु विधानविपरित भएको पनि स्पष्ट पारेकी छिन् ।

त्यस्तै, नेताहरु डा. बाबुराम भट्टराई र उपेन्द्र यादवले आफूलाई सांसदबाट हटाउनको लागि षड्यन्त्र गरेको पनि उनले आरोप लगाइन् ।

कतिपयले पार्टीका वरिष्ठ नेता बाबुराम भट्टराईसँगको कटुताका कारण उनलाई कारबाही गरिएको, पद खोसिएको भन्ने तहमा विश्लेषण र टिप्पणी गरेका छन् । यसको सत्यताको पाटो जस्तो होस् तर प्रवित्तिगत राजनीतिबाट उनी उम्किएकी थिइन् त ?

उनी तिनै सरिता हुन् जसले आफू नेतृत्वको पार्टीको जीवनका लाग आनन्दीदेवीको अपहरणसम्म गरेको समाचारको पात्र बनिन् र प्रतिक्रिया दिनुपर्ने अवस्थामा पुगिन् । यो पृष्ठभूमीको सत्यलाई कसैले रोक्न वा छेक्न सक्तैन ।

यता राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य मोहना अन्सारीले पार्टीले कारबाही गरेको विषयमा सार्वजनिक रुपमा सरिताको पक्षमा धारणा राखिन् । पहिलो कुरा, सरिता महिला मात्र होइनन्, जिम्मेवार नेपाली नेत्री हुन्, सांसद थिइन् । पार्टीका प्रक्रियाभित्रबाट सांसद नियुक्त भइन् भने सोही प्रक्रियाबाट उनलाई अलग गरिएको भन्ने अर्थमा पनि बुझ्नुपर्छ ।

तर नेपाली राजनीति मौलिक विचार र पद्दती अनि प्रभावबाट होइन बाह्य असरको प्रतिनिधिका रुपमा चलिरहेको छ भन्ने विषयलाई चटक्कै नजरअन्दाज गर्नु हुन्न । विषम परिस्थितिका बेला सरिताले जुन विषयमा आफूलाई उभ्याउने कोशीश गरिन् त्यो ठिक थिएन तर उनलाई व्यक्तिगत रुपमा गरिएका टिप्पणी र व्यवाहार पनि सही हुन् भन्न सकिन्न ।

## तराई मधेश राष्ट्रिय परिषद्को संयोजकमा ठाकुर चयन

काठमाडौं । तराई मधेश राष्ट्रिय परिषद (टीएमएनसी) सभाको बैठकले सभासदस्य अधिवक्ता विकास कुमार ठाकुरलाई परिषदको संयोजकमा चयन गरेको छ । साथै सचिव एवम् प्रवक्तामा प्रमोद कुशवाहा तथा प्रचार विभागमा गुरुशरण सिंह (आभाष गुरु) ले जिम्मेवारी पाएका छन् । टीएमएनसीको संगठनात्मक संरचना तीनवटा विंगमा क्रियाशील बनाउने र जिम्मेवारी बाँडफाँड गर्ने हिसावले हाल



पोलिटिकल विंग क्रियाशिल बनाउनका लागि संयोजकको भूमिकामा रहेको सीएन थारुलाई पोलिटिकल विंगमा जिम्मेवार बनाउने गरी सर्वसम्मत निर्णय गरिएको निवर्तमान संयोजक सिएन थारुले जनाएका छन् । तराई मधेश राष्ट्रिय परिषदको प्रथम राष्ट्रिय भेला २०७६ चैत्र २८ र २९ गते सम्पन्न गरेर आफ्नो वैचारिक धार किटान गर्ने लक्ष्य सहित तयारीमा जुटेको र कोरोना प्रकोपको कारण देशमा लकडाउनको स्थिति बिच बैठक एक निष्कर्षमा पुगेको जनाइएको छ ।

समय सन्दर्भ

भुवनेश्वर चौधरी



## प्रदेश वा संघमा सरुवा हुने व्यवस्था हुनुपर्छ

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले असार १५ गते बहुमतले पारित गरेको संघीय निजामती सेवा ऐन जुन पारित गरेको छ त्यो त्यसले कर्मचारीहरुको मनोवल गिराउने, वृत्ति विकास रोक्ने र ट्रेड युनियनको अधिकार रोक्ने खालको छ । कर्मचारीको मनोवल खसाउने र कुण्ठित पार्ने ऐन राज्य व्यवस्था समितिले बहुमतको नाममा पास गरेको छ । यस्तो ऐनप्रति हामी सम्पूर्ण ट्रेड युनियनकर्मीहरु दुःखित छौं । सो ऐनप्रति विभागीय मन्त्रालय संसीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले पनि आपत्ति जनाइसक्नुभएको छ । सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सम्बन्धि राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित प्रतिवेदनले कर्मचारी संयन्त्रलाई क्षतविक्षत बनाउने भन्दै आफूले स्वीकार नगर्ने घोषणा समेत गरिसक्नुभएको छ ।

संघिय निजामति सेवा ऐनको विधेयक २०७५ लामो समय देखी संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको थियो । ऐनमा समेटिनु पर्ने विषयहरुका सन्दर्भमा निजामति क्षेत्रका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरुका सरोकारका विषयमा पटक पटक सुझाव प्रस्तुत गर्दै आएको कुरा सवैलाई जानकारी गराउन चाहान्छौ ।कर्मचारी संग सम्बन्धित विषयमा प्रमुख सरोकारित पक्ष आधिकारीक ट्रेड युनियन र राष्ट्रियस्तरका ट्रेड युनियन वीच गहन छलफल तथा परामर्श हनु पर्नेमा राज्य व्यवस्था तथा सशासन समिति द्धारा निजामति कर्मचारीहरुले उपभोग गर्दै आएको ट्रेड युनियन अधिकार लगायत कर्मचारीका वृत्ति विकासका सेवा सुविधाहरुलाई कुण्ठीत गर्दै यसको अस्तित्वनै समाप्त पार्नेगरी संविधानको धारा३४ (३) र श्रम ऐन २०७४ को दफा १८० उपदफा १(ख) को विरुद्धहुने गरि संघिय निजामती सेवा ऐन को विधेयक संसदको राज्य व्यवस्था तथा शुसाशन समिति बाट २०७७।३।१५ को बैठक बाट ट्रेडयुनियनका रचनात्मक सुझाव सल्लाहलाइ वेवास्था गर्दै आम सहमति बेगर संसदिय मुल्य मान्यता विपरित समितिमा रहेका सदस्यहरुको लिखित असहमति रहँदा रहँदै बहमतको नाममा गणपुरक संख्या नरहेको अबस्थामा जबरजस्त प्रतिवेदन पारित गरेको निर्णय प्रति असहमति जनाउदै यस जिल्ला स्थित हामी क्रियासिल ट्रेड युनियनहरु खेद व्यक्त गर्दछौं ।

आम निजामती कर्मचारी हरुको आत्मसम्मान र काम प्रतिको मनोबल गिर्ने गरि राज्य व्यवस्था तथा सुशासन समिति बाट आएको बिधेयकको प्रतिबेदन प्रति सम्पुर्ण राष्ट्रसेवक निजामति कर्मचारीहरुले असहमति प्रकट गर्दै निजामति प्रशासनको अस्तित्व र साख रक्षाको लागि निजामती कर्मचारी हरुको आधिकारीक ट्रेडयुनियन केन्द्रिय कार्यसमिति द्वारा २०७७।४।१६ को जारी प्रेस विज्ञप्ती मार्फत चरण बद्धरुपमा आन्दोलनका कायक्रम सार्वजनिक भएको व्यहोरा अबगत गराउँदै यस जिल्लामा आधिकारीक ट्रेडयुनियन बर्दियाको अगुवाईमा आन्दोलनका कार्यक्रम रहेको हुँदा उक्त आन्दोलनलाई सफल र निष्कर्षमा पुर्याउन बर्दिया जिल्ला स्थित सम्पुर्ण राष्ट्रसेवक निजामती कर्मचारीहरुलाइ सहभागी भइदिन हार्दिक अपिल गर्दछौं ।

प्राप्त अधिकारको रक्षा र थप उपलब्धी संस्थागत प्रक्रियाबाट मात्र संभव छ । संघिय निजामती सेवा ऐनको विधेयकका विषयमा विभिन्न श्रेणी र पदहरुमा कार्यरत निजामती कर्मचारी हरुले दवाब समुह मार्फत अगाडि बढाईएका विषयहरु राष्ट्रिय स्तरका ट्रेडयुनियनहरुले उठाइरहेका विषयहरु हुन

बाँकी पृष्ठ २ मा



## सम्पादकीय

# नेकपा विवाद र चिनियाँ चासो

सत्तारुढ दल नेकपाभित्र अन्तरसंघर्ष चुलिइरहेका बेला नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीको सक्रियता ह्वातै बढेको छ। नेकपाको विवाद जारी रहेको बेला उनले नेकपाका अध्यक्ष पुष्पकमल दाहालसहित पार्टीका वरिष्ठ नेताहरु माधव नेपाल र झलनाथ खनालसँग भेटेकी छन्। जब नेकपाको आन्तरिक विवाद चुलिन्छ त्यो बेलामा चिनियाँ राजदूतले नेकपा नेताहरुसँग अर्थपूर्ण भेटघाट गर्ने गर्छिन्। सत्तारुढ दल नेकपामाथि आइपरेको आन्तरिक संकटमा सहजीकरण गर्ने प्रयास स्वरुप यस्ता भेटघाट हुन गरेका छन्।

एकतर्फ नेपालको सरकार ढाल्न भारत संलग्न रहेको प्रधानमन्त्री केपी शर्मा ओलीले स्वयं भनिदिएपछि भारतीय पक्षबाट नेपालको सरकार चीनतर्फ ढल्केको प्रचारबाजी भइरहेको छ। भारतीय चलखेलमा अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता नेपाल पनि मोहोरा बनिरहेको भन्ने प्रधानमन्त्री ओलीले नै संकेत गरिरहदा चिनियाँ राजदूत यान्छीले नेता नेपाललाई भेटेकी छन्।

हुन त राजदूतहरुले नेपालका नेताहरुलाई भेट्नु कुनै नौलो हौइन तर कुन समयमा भेटे भन्ने त्यसले भने अर्थ राख्छ। विगतमा नेपालमा भारतीय

**अहिलेको सरकारसँग जसरी विभिन्न योजना र दुईपक्षीय सम्बन्धमा आयामहरु अघि बढेको छन् सरकार फेरिने वित्तिकै त्यसमा केही उतारचढाव आउन सक्छ । हुन त ओली, दाहाल र नेपाल तीन नेतासँग चिनियाँहरुको सम्बन्ध राम्रो छ ।**

राजदूतहरुले यसरी नेताहरुलाई भेटघाट व्यापक गर्ने गर्थे। अहिले यस्ता श्रृंखला चिनियाँ राजदूतहरुबाट चल्ने गरेका छन्। कम्यूनिष्ट पार्टी र सरकार पनि उसले गर्ने भएकाले चीनले उनीहरुप्रति सहानुभूति राख्छ। अहिले पनि नेकपा विवाद कुनै दुर्घटनातर्फ नजाओस् भन्ने चिनियाँ चासो छ। त्यसैले मनोबैज्ञानिकरुपमा पनि आफ्नो मनसाय प्रकट गर्न चिनिया राजदूतबाट नेताहरुबाट भेटघाट भइरहेको छ। राजदूत यान्छीले अहिले पार्टीमा भइरहेको अन्तरसंघर्ष, नेताहरुको भूमिकाबारे उल्लेख गर्दै मिलेर जान सन्देश दिएकी छन्। दल फुटाउने अध्यादेश जारी भएपछि यसअघि विवाद चर्किएको बेलामा पनि चिनियाँ राजदुत यान्छीले पालैपालो नेकपा नेताहरुलाई भेटेकी हुन।

सत्तारुढ दल नेकपाले दुई तिहाई बहुमत ल्याएर सरकारमा आएपछि नेपालमा विगतको भन्दा चीनको बढ्दा चासो प्रकट भएको विभिन्न घटनाक्रमले देखाएका छन्। गत बैशाखमा नेकपा र चिनिया कम्यूनिष्ट पार्टीको विदेश विभागबीच 'भर्चुअल' अन्तरक्रिया भयो। करिब प्रशिक्षणात्मक खालको अन्तरक्रियामा चिनियाँ नेताहरुले पार्टी सञ्चालन, त्यसका पद्धतिबारे चासो राखेका थिए। कोरोना संक्रमण बढेपछि दुई महिना अघि नेकपाको विदेश विभागसँग पनि छुट्टै भर्चुअल अन्तरक्रिया भएको थियो। नेकपामाथि चीनको सहानुभूति कति छ भन्ने हेर्न गत बर्ष भएको चिनिया राष्ट्रपति सि चिनफिङको नेपाल भ्रमणलाइ पनि लिन सकिन्छ। बर्षौंदेखि नेपालमा चीनका प्रमुख नेता आएका थिएनन्। अहिले विश्व महाशक्ति बन्दै गरेको राष्ट्र चीनका राष्ट्रपति गत बर्ष नेपाल भ्रमण आउनु निकै ठूलो कुरा भयो। कम्यूनिष्ट पार्टीको सरकार र त्यसप्रतिको विश्वासलाई अझै हौसला प्रदान गर्न पनि उनको भ्रमण भएको विष्लेषण त्यसबेला भएको थियो।

राष्ट्रपतिको भ्रमण हुनु अघि नै नेकपा र चिनियाँ कम्यूनिष्ट पार्टीबीच राजधानी काठमाडौंमा 'सि विचारधारा र चीनको आर्थिक विकास' माथि बृहत अन्तरक्रिया भएका थियो। चीनबाट झण्डै एक सय जना सहभागी नेपाल आएका थिए। सि विचारधाराको नेपालमै प्रशिक्षण हुँदा त्यसबेला पनि नेकपा र सरकारलाई चीनतर्फ ढल्केको आरोप लागेको थियो।

चिनियाँ पक्षसंगको 'इन्गेजमेन्ट' बढेको अर्को उदाहरण नेपालबाट भइरहेको भ्रमणहरुबाट पनि पुष्टी हुन्छ। अहिले कोरोना संक्रमणका कारण भ्रमण रोकिएको छ। तर, कोरोना संकट सुरु हुनुअघि सम्म हरेक हप्ता जस्तो नेकपाका विभिन्न तहका नेता र कार्यकर्ताहरु चीन भ्रमणमा जाने गर्थे। यसले नेकपा र चीनबीचको बढ्दो हार्दिकता देखाउँछ।

कम्युनिष्ट पार्टी नेपालमा सरकारमा रहंदा आफूलाई पनि सहज हुने चीन ठान्छ। त्यसैले यहाँको सरकार र पार्टीमा कुनै संकट वा खटपट आउँदा ऊ अलर्ट हुने गर्छ। त्यही अलर्टको संकेतको रुपमा राजदूतका सक्रियतालाई बुझ्न सकिन्छ। अहिले नेकपा संकटमा परिरहदा चीनिया पक्षको भरसक सरकार नफेरियोस् र पार्टी भित्रको विवाद साम्य होस् भन्ने चाहना हुनसक्छ।

अहिलेको सरकारसंग जसरी विभिन्न योजना र दुईपक्षीय सम्बन्धमा आयामहरु अघिबढेको छन् सरकार फेरिने वित्तिकै त्यसमा केही उतारचढाव आउन सक्छ। हुन त ओली, दाहाल र नेपाल तीन नेतासंग चीनियाहरुको सम्बन्ध राम्रो छ। तर पनि अहिले नक्सा प्रकरणका कारण भारतले अहिलेको सरकारमाथि समस्या खडा गर्न खोजिरहेको बेला अहिलेको सरकार हट्दा राम्रो नहुने खालको बुझाई चिनियाँहरुसँग छ। त्यसैले पार्टी भित्रको विवाद मिलाएर जाने माहोल बनाउनका लागि उनीहरुको सक्रियता बढेको हुन सक्छ।

# केपी ओलीले पार्टी र सरकारको नेतृत्व गर्ने नैतिक आधार गुमाइसक्नुभयो



**रामचन्द्र झा**

**उहाँले पार्टीको बैठकलाई पन्छाउँदै हिंडिरहनुभएको छ। बाहिर यो सन्देश नजाओस् कि प्रधानमन्त्रीलाई असहयोग गरेर समय पनि दिइएन। छलफलका लागि अनुकूलता पनि दिइएन र पार्टीले सिधै कारबाही गर्‍यो त्यस्तो स्थिति नहोस् भनेर पटक-पटक हामीले समय दिइरहेका छौं।**

कुनै पनि विषयमा पार्टीभित्र छलफल हुन्छ र छलफल भएर सर्वसम्मत वा अल्पमत/बहुमतको आधारमा निर्णय हुन्छ। अहिलेको चुरो कुरो के हो भने पार्टीका संरचनात्मक कार्यहरु विधि र प्रक्रियाअनुसार चलेन। निष्पक्षरुपमा चलेन, गुटगतरुपमा चल्यो, पार्टीका कमिटीहरुले निरन्तरता पाएन, धेरै दिनदेखि थुप्रै कमिटीहरु जाम छन्। पार्टी कमिटी गठनकै बेलादेखि समस्या छ। हिजो आएका मान्छेहरु सिधै प्रदेश कमिटीमा मनोनयन भए। जबकि विधानको धाराले त्यसका लागि स्पष्ट व्यवस्था गरेको छ। यस्ता थुप्रै प्रक्रियाहरुलाई मिचेर पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले कामहरु गर्दै आउनुभएको छ। अर्को कुरो, जिम्मेवारी दिने सवालमै पक्षपात भयो। कुनै व्यक्ति मुख्यमन्त्री पनि हुनुहुन्छ, इन्चार्ज पनि हुनुहुन्छ। उहाँहरुसँग यति समय हुँदैन कि पार्टीको कामहरु पनि कुशलतापूर्वक गरोस्। थुप्रै व्यक्तिहरु बिना काम बसिरहेका छन्। अनुभव प्राप्त व्यक्तिहरु पनि छन्, ती व्यक्तिहरुलाई काम दिँदै नदिने। नीति तथा कार्यक्रमअनुसार काम गर्नेतिर पनि अग्रसरता लिएको छैन। त्यस्तै, व्यापक भ्रष्टाचाहरु भइरहेका छन्। कम्युनिष्ट पार्टी तुलनात्मकरुपमा अन्य पार्टीभन्दा अग्रगामी हुन्छ, भ्रष्ट हुँदैन। पार्टीकै अध्यक्ष प्रधानमन्त्री भएको अवस्थामा उहाँका मन्त्रीहरु व्यापक भ्रष्टाचार गरिरहेको समाचारहरु आइरहेका छन्।

प्रधानमन्त्री तथा अध्यक्ष खड्गप्रसाद ओली पार्टी र सरकार सञ्चालन गर्न पूर्ण असफल भइसक्नुभयो, अब उहाँलाई दुवै पदबाट नहटाई हुँदैन। खडगप्रसाद ओलीले गर्न सक्नु हुन्न भने विकल्प त दिनुपर्‍यो कि त उहाँले सफाइ दिनुपर्छ अनियमितता गरेको छैन। विकास निर्माणसँग जोडिएका सवालहरु, राज्यका जुन आधारहरु छन् त्यसप्रति पटक-पटक प्रश्नचिन्ह खडा भएका छन्। उहाँले पार्टीको नीति र विधिअनुसार काम गर्न सक्नुभएन, यो उहाँको अयोग्यता हो कि होइन ?

कामकै प्रणालीमा नेकपाका अध्यक्ष वा प्रधानमन्त्री ओलीले प्रश्नचिन्ह खडा गर्नुभएको छ। उहाँका सहयोग गोकुलप्रसाद बाँस्कोटाले भन्नुभयो कि पार्टी सहमतिको आधार चल्नुपर्छ, बहुमत वा अल्पमतको आधार चल्छ र ? नेकपाको अन्तरिम विधान २०७५ मा पार्टीको निर्णय बहुमतको आधार हुन्छ। संसदीय दल सञ्चालन गर्ने सवालमा पनि पार्टीको केन्द्रीय कमिटीको निर्देशनमा संसदीय दल सञ्चालन हुने भनिएको छ। त्यो पनि उहाँ नमान्ने ? संसद दलको उहाँ सर्वेसर्वा हुनुहुन्छ ? अध्यक्ष भनेको केन्द्रीय कमिटीको हेडिङ्ग गर्ने हो। निर्णय भनेको त सामूहिक हो। बहुमतबाट जे निर्णय हुन्छ त्यो उहाँले मान्नुपर्छ। स्थायी कमिटीमा उहाँको विरुद्धमा दुई तिहाइ मत रहेको छ। दुई तिहाइ व्यक्तिलाई उहाँले पूरै बेवास्ता गर्नुभएको छ। सचिवालयमा र केन्द्रीय समितिमा पनि बहुसंख्यक सदस्य उहाँको विपक्षमा छन्। सबै कमिटीमा उहाँले बहुमत गुमाइसकेपछि उहाँ कुन प्रणालीबाट चल्दै हुनुहुन्छ ? कसलाई सन्तुष्ट गर्न सक्नुभयो ? पार्टीका जिम्मेवार नेता कार्यकर्ता सन्तुष्ट भएन भने पाँच सय हजार रुपैयाँ दिएर सडकमा नारा जुलुस लगाएर पार्टी चल्छ ? कुनै पनि ठाउँमा उहाँ बहुमत सिद्ध गर्न सक्ने आँट गर्न सक्नुभएको छैन। उहाँ भारतको विरुद्धमा आफूलाई राष्ट्रवादी देखाउन खोज्दै हुनुहुन्छ। इन्डो प्यासिफिक स्टेट्याजीको रुपमा रहेको एमसीसी पास गराउन उहाँ वकालत गरिरहनुभएको छ। एमसीसी राष्ट्रघाती हो भनेर हाम्रो केन्द्रीय कमिटीको छ। एमसीसी अध्ययनका लागि झलनाथ खनालको नेतृत्वको समितिले निष्कर्ष निकालेर प्रतिवेदन बुझाइसकेको छ, त्यो प्रतिवेदनलाई उहाँले छलफलमा ल्याउन चाहिरहनुभएको छैन। त्यसैले उहाँ कुनै पनि हिसावले पार्टी र सरकारको नेतृत्व गर्ने नैतिक आधार गुमाइसक्नुभएको छ। उहाँसँग इमानै रहेन।

उहाँ आफ्नो अडान छोड्ने स्थिति देखिएको छैन। पार्टीले बहुमतबाट निर्णय गर्छ। पार्टीले औपचारिक निर्णय गरिसकेपछि उहाँले मान्नु हुन्छ कि मान्नु हुन्न त्यो मुख्य कुरा हो। यदि उहाँले मान्नु भएन भने पार्टीले पनि उहाँलाई मानिरहनुपर्ने बाध्यता छैन नि। त्यस हिसावले उहाँ आफै आफ्नो स्तर तल झार्दै हुनुहुन्छ।

उहाँले पार्टीको बैठकलाई पन्छाउँदै हिंडिरहनुभएको छ। बाहिर यो सन्देश नजाओस् कि प्रधानमन्त्रीलाई असहयोग गरेर समय पनि दिइएन। छलफलका लागि अनुकूलता पनि दिइएन र पार्टीले सिधै कारबाही गर्‍यो त्यस्तो स्थिति नहोस् भनेर पटक-पटक हामीले समय दिइरहेका छौं। त्यो समयलाई उहाँले कमजोरी ठानिरहनुभएको छ। पार्टीको नेतृत्व लिने हो भने आगामी महाधिवेशनसम्म र सरकारको नेतृत्व लिने हो भने आगामी निर्वाचनसम्म कुर्नुपर्छ भनेर भनिरहनुभएको छ। उहाँ हिजो तत्कालीन एमालेको महाधिवेशनबाट निर्वाचित अध्यक्ष हुनुहुन्थ्यो। अहिले नेपाल कम्युनिष्ट पार्टी हो, एमाले होइन। जुन पार्टीको उहाँ अध्यक्ष निर्वाचित हुनुभएको थियो, त्यो पार्टी विघटन भएर एकीकृत भइसक्यो। नेकपा अन्तरिम विधान २०७५ को व्यवस्थाअनुसार सञ्चालन हुनुपर्ने हो। त्यसअनुसार नेकपाको अन्तरिम विधानलाई उहाँले मान्नु हुन्छ कि मान्नु हुन्न, प्रश्नचिन्ह छ। उहाँले भन्नुपर्‍यो नि कि अन्तरिम विधानलाई मान्दिन। उहाँ कसको इशारामा काम गरिरहनुभएको छ ?

कोरोना महामारी रोकथाम तथा नियन्त्रणकै सवालमा हेर्ने हो भने पूर्ण असफल देखिएको छ। स्वास्थ्य सामग्री चीनबाट जति खरिद भएको छ, त्यसमध्ये कति कामै नलाग्ने, खरिदमा पनि अनियमितता भएको, फेरि सेनालाई जिम्मा दिइयो, त्यसमा पनि भ्रष्टाचारका कुराहरु आयो। कोरोनालाई नियन्त्रण गर्न नसक्ने सरकारलाई कसरी निरन्तरता दिन सकिन्छ ? कोरोना रोकथाम र नियन्त्रणमै उहाँले राम्रो र प्रभावकारी काम गरेको भए यस्तो प्रश्न अहिले सान्दर्भिक हुन्थ्यो। अथवा सरकार सञ्चालन तथा विकास निर्माणमै राम्रो काम गरेको भए हुन्थ्यो। यस्ता समस्याहरु आउँदै रहन्छन्। तर सरकार यदि प्रभावकारी ढंगले काम गर्न सकेन भने ती समस्याहरुको सामना कसरी गर्ने ? त्यसकारणले यस्तो संवेदनशील अवस्था झन् बढी आवश्यक भइसकेको छ कि सरकारले प्रभावकारी ढंगले काम गर्नुपर्‍यो। कुनै सदस्यले उहाँप्रति पूर्वाग्रही भएर उहाँलाई हटाउन खोजिएको होइन, उहाँको काम सन्तोषजनक नभएर मात्रै यस्तो विषय उठेको हो। यदि उहाँ चित्त बुझाउन सक्ने हैसियत राख्नुहुन्छ र त्यो ढंगको प्रस्तुती गर्नु हुन्छ भने आँट गरेर कमिटी फेस गर्नुपर्‍यो।

नेकपाभित्र चिनियाँ सक्रियता हामी पनि हेरिरहेका छौं। चिनियाँ कम्युनिष्ट पार्टीसँग हाम्रो पार्टीको अन्तर्राष्ट्रियस्तरको सम्बन्ध हो। त्यसैले नेकपाभित्र केही सहजीकरण गरिदिँदा समस्या समाधान हुन्छ कि भन्ने चीनलाई लागेको होला। संसारमा विलय हुँदै गरेको कम्युनिष्ट पार्टी नेपालमा विभाजन नहोस् भनेर लागेको होला। तर, कमिटीका सदस्यहरुको मान्यताविपरीत चीनले हस्तक्षेप गर्न सक्दैन। झलनाथ खनाल प्रधानमन्त्री हुँदा भारतीय दूतावास कम्मर कसेर लागेको थियो। त्यतिबेला यही केपी ओलीले होटलहरुमा भेटेको नजिरहरु त छँदै छ। आफ्नो अनुकूल हुँदा राम्रो ठान्ने, अरुको बेलामा अर्कै तरिकाले हेर्ने। यसरी त हुँदैन।

नेकपाको विवाद त पार्टीकै नेताहरुले मिलाउनुहुन्छ। उहाँहरुको शुभेच्छा हुन सक्छ। चिनियाँ राजदूतको सुझाव यदि उपयुक्त भयो भने मान्न सकिन्छ। हामी आफ्नो समस्या त आफ्नो हिसावले समाधान गर्छौं नि।

कुनै राजदूत भेट्नु त्यो व्यक्तिको इच्छामा निर्भर पर्छ। परराष्ट्र मन्त्रालयबाटै एउटा पत्र जारी भएको थियो कुटनीतिक व्यक्तिहरुसँग यसरी भेट्नु राम्रो होइन भने। सरकारमै बसेका व्यक्तिहरुले त्यसको पालना गर्दैन।

(नेकपाका केन्द्रीय सदस्य झासँग गरिएको कुराकानीको आधारमा)

## प्रदेश वा संघमा...

तसर्थ सबै समस्याको समाधान राष्ट्रिय स्तरका ट्रेडयुनियन र आधिकारिक ट्रेड यूनियन मार्फत खोज्न सम्पुर्ण निजामति कर्मचारीहरुलाई हार्दिक अपिल गर्दछौं। राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेको आम निजामति कर्चारी विरोधि दफाहरुलाई तत्काल हटाई तपशिल वमोजिमका सुझावहरुलाई समावेश गरी संघिय निजामति सेवा ऐन जारी गर्न नेपाल सरकार संग हार्दिक अनुरोध गर्दछौ।

लोकतन्त्र प्राप्तिकालागि कर्मचारीहरुले गरेको योगदान र राजनितिक सहमतिवाट प्राप्त निजामति सेवा ऐन २०४९ (संशोधन २०६४) मा भएको राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनको व्यवस्था, ट्रेड यूनियनको सामुहिक सौदावाजी र सामाजिक सम्वादगर्न पाउने प्रावधान सहितको ट्रेड यूनियन अधिकार यथावत कायमगरी संघ, प्रदेश र स्थानिय तह विच ट्रेड यूनियनको अन्तर सम्बन्ध कायम हुने व्यवस्था हुनुपर्नेछ। निजामति कर्मचारीहरुको परिभाषामा संघिय कानुन बमोजिम प्रदेश र स्थानिय तहमा समायोजन भएका राष्ट्रिय किताबखानावाट संकेत नं प्राप्त गरेका कर्मचारीहरुलाई समेटिनुपर्ने हाम्रो माग हो।

निजामति सेवामा श्रेणी विहिन देखि रा प द्वितिय श्रेणीका कर्मचारीहरुको जेष्ठता र कार्य क्षमताका आधारमा हने वढ्वालाई निजामति सेवा ऐन २०४९ वमोजिम कायम गर्ने र सवै श्रेणी र पदमा आन्तरिक प्रतियोगितावाट प्रतिस्प्रधा गर्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने नयाँ ऐनमा राखिनुपर्छ। निजामति सेवाको पदमा वाहल रहेका कर्मचारीलाई संघिय निजामति सेवाको पदमा प्रतिस्प्रधा गर्दा उमेरको हद नलाग्ने साविकको व्यवस्था यथावत कायम गरिनुपर्छ। कर्मचारी सरुवा प्रणालीलाई स्वचालित चक्रिय र पुर्वाअनुमान योग्य बनाउनुपर्ने आजको आवश्यकता हो। प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामति कर्मचारीहरुलाई निश्चितच समय पश्चात प्रदेश वा संघमा सरुवा हुने व्यवस्था हुनुपर्छ।

(चौधरी नेपाल मधेशी निजामती कर्मचारी मञ्चका केन्द्रीय अध्यक्ष हुन्।)

## शहीदद्वार बन्दै

जनकपुरधाम। मधेश आन्दोलनका शहीदको सम्मानमा जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरधामको उत्तरी प्रवेशमार्ग मुजेलियामा शहीदद्वारको निर्माण गर्ने भएको छ। करिब तीन करोड रुपैयाँ लगागतमा मधेश आन्दोलनका शहीद नितु यादव, दिलीप यादव र सञ्जय चौधरीको सम्मानमा शहीद द्वार निर्माण गर्ने योजना अघि सारिएको हो। उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहका अनुसार मधेश आन्दोलनमा शहादत प्राप्त गरी अन्त्येष्टि गरिएको छेउ मुजेलियास्थित राजमार्गमा शहीद द्वार निर्माण गरिने छ। द्वारको तीनवटा पिलरमा नितु, दिलीप र सञ्जयको प्रतिमा रहने जनाइएको छ। उपमहानगरपालिकाद्वारा सो द्वारमा मर्यादा पुरूषोत्तम भगवान रामको प्रतिमा पनि राख्ने योजना अघि सारिएको छ।

# कांग्रेसले जनविश्वास गुमाउँदै गएको सर्वत्र महसुस भयो

१४औं महाधिवेशनबाट अब नयाँ नेतृत्व वा अनुहार आउँछ कि अहिलेकै नेतृत्वलाई निरन्तरता दिने भन्ने कुराको टुंगो त महाधिवेशनबाट लाग्ने कुरा हो। वर्तमान सभापतिले पार्टीलाई कसरी चलाइरहनुभएको छ त्यो कुरालाई थाहा नै छ। यदि पार्टीले नयाँ नेतृत्व महसुस गरेको छ भने अवश्य नै नेतृत्व फेरिन सक्छ। अहिले कांग्रेसको अगाडि निकै ठूला चुनौतीहरु छन्।



**रामकृष्ण यादव**
**केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

**० नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिले के-के निर्णय गर्‍यो त ?**

– नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले १४औं महाधिवेशनको कार्यतालिका संशोधन गरी सार्वजनिक गरेको छ। १० साउनभित्र अन्तरिम संरचना समायोजन गरी कार्यतालिका बनाइएको छ। संशोधित कार्यतालिकाअनुसार १० साउनभित्र बाँकी जिल्लाहरुको समायोजन सक्नुपर्नेछ। ५१ जिल्लाको समायोजन सकिएको छ भने २६ जिल्लाको बाँकी छ। यस्तै, क्रियाशील सदस्यता वितरण र नवीकरणका लागि २५ असारबाट सुरु गरी साउन मसान्तभित्र सक्ने कार्यतालिका छ। भदौ मसान्तसम्म यो क्रियाशीलको सूची केन्द्रमा आइपुग्नुपर्छ। त्यसपछि केन्द्रीय छानबिन समितिले उजुरी आह्वान, छानबिनलगायतका सबै प्रक्रिया पुरा गरेर १५ मंसिरभित्र निर्णय गरिसक्नुपर्नेछ।

**० कांग्रेसको १४औं महाधिवेशनको कार्यतालिकामा के छ ?**

– गाउँ नगर वडा अधिवेशन पुस ६ गते, गाउँ नगरपालिका अधिवेशन पुस ८ गते, प्रदेश सभा क्षेत्रीय अधिवेशन पुस ११ गते, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनएक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पुस १३ गते, एकभन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पुस १६ गते, प्रदेश अधिवेशन माघ ६ गते, केन्द्रीय महाधिवेशन २०७७ फाल्गुण ७, ८, ९, र १० गते काठमाडौंमा गर्ने कार्यतालिका सार्वजनिक गरिएको छ।

**० कार्यतालिकाअनुसार कांग्रेसको महाधिवेशन तोकिएकै मितिमा हुने विश्वस्त हुनुहुन्छ ?**

– अहिले कोरोनाको कहर छ। कोरोना कहरकै बीचमा आवश्यक मापदण्ड अपनाउँदै १४औं महाधिवेशन सम्पन्न गर्ने मानसिकताका साथ कार्यतालिका पारित भएको छ। हामीले जसरी महाधिवेशन गर्ने बाध्यता छ। अहिलेको विषम् परिस्थितिमा सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने लगायतका सावधानी अपनाउँदै तोकिएकै मितिमा सम्पन्न हुने गरी महाधिवेशनको तयारी भइरहेको छ।

**० असारको अन्त्यतिर कार्यतालिका सार्वजनिक भएको छ। अहिले कोरोनाको कहर उत्तिकै छ। वर्षायाम पनि सुरु भएको छ। यस्तो अवस्थामा महाधिवेशन सम्पन्न हुनेमा केन्द्रीय सदस्यहरु नै विश्वस्त देखिँदैनन् नि ?**

**– हामीसँग समयको चाप र बाध्यता पनि छ। समय परिस्थितिले हामीलाई कहाँसम्म पुर्‍याउँछ त्यो अर्कै कुरा हो। तर, हामीले सफलतापूर्वक महाधिवेशन सम्पन्न गर्ने आम जनताको विश्वास पनि छ। कोरोनाले गर्दा अवस्था अझै जटिल बन्दै गयो भने केन्द्रीय समितिले समयसापेक्ष निर्णय गर्नेछ। तर अहिलेसम्मको अवस्थाअनुसार निश्चितरुपमा फागुनमै केन्द्रीय महाधिवेशन सम्पन्न गरिनेछ। हाम्रै पार्टीका कतिपय केन्द्रीय सदस्यहरु निश्चितरुपमा सशंकित हुनुहुन्छ कि यस्तो परिस्थितिमा कसरी तोकिएकै मितिमा महाधिवेशन गर्न सकिन्छ भन्ने कुरामा। अहिलेको कोरोना महामारी बढ्दै गएको छ, वर्षायाम पनि सुरु भएको छ, रोपाइको समय पनि छ, त्यसपछि विभिन्न चाँड पर्वहरु आउँछन्। यावत कारणहरुले गर्दा समयमै महाधिवेशन सम्पन्न गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरामा सशंकित हुनु स्वाभाविक पनि हो।**

**० कांग्रेसले आगामी दिन सुधार्नुपर्ने कुराहरु के-के छन् त ?**

**– कांग्रेसको १४औं महाधिवेशनबाट आम नेपाली जनताको ठूलो आशा र विश्वास रहेको छ। पार्टीको वर्तमान अवस्थालाई** सबैले नियालेर हेरिरहेका छन्। यो महाधिवेशनले मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विकास निर्माणको अवस्थाबारे महत्वपूर्ण निष्कर्षहरु निकाल्नेछ। जननायक स्व. विशेश्वर प्रसाद कोइरालाले प्रतिपादित गर्नुभएको राष्ट्रियता, लोकतन्त्र र समाजवाद जुन उहाँको सिद्धान्त पनि थियो त्यहीं बाटोमा कांग्रेस अगाडि बढ्नेछ। मुलुक अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरिसकेको छ। त्योअनुसार कांग्रेस नेतृत्वकै सरकारको बेला तीन तहको निर्वाचन पनि सम्पन्न भइसकेको छ। केन्द्रीय र प्रादेशिक सरकारहरुको क्रियाकलापबारे सबै अवगत नै छन्। अहिलेका सरकारहरुले मुलुकको समस्याहरु सम्बोधन गर्न सकेको छैन। नेपाली कांग्रेस एउटा ऐतिहासिक र प्रजातान्त्रिक पार्टी हो, अहिले प्रमुख प्रतिपक्षीको अवस्थामा रहेको पार्टी हो। त्यसकारणले कांग्रेसको महाधिवेशनबाट नेतृत्वको साथसाथै जनसरोकारसँग सम्बन्धित मुद्दाहरुबारे पनि छलफल हुन्छ।

**० यो १४औं महाधिवेशनबाट कांग्रेसले नयाँ नेतृत्व पाउँछ कि देउवालाई निर्विकल्प पुनः नेतृत्व दिने हो ?**

**– १४औं महाधिवेशनबाट अब नयाँ नेतृत्व वा अनुहार आउँछ कि अहिलेकै नेतृत्वलाई निरन्तरता दिने भन्ने कुराको टुंगो त महाधिवेशनबाट लाग्ने कुरा हो। वर्तमान सभापतिले पार्टीलाई कसरी चलाइरहनुभएको छ त्यो कुरालाई थाहा नै छ। यदि पार्टीले नयाँ नेतृत्व महसुस गरेको छ भने अवश्य नै नेतृत्व फेरिन सक्छ। अहिले कांग्रेसको अगाडि निकै ठूला चुनौतीहरु छन्।**

**० देउवाको कार्यकाल समीक्षा गर्दा कस्तो रह्यो त ?**

– कांग्रेस प्रमुख प्रतिपक्षी दलको हैसियतमा हुँदाहुँदै पनि त्योअनुसार भूमिका निर्वाह गर्न नसकेको सर्वत्र आवाज उठिरहेको छ। पार्टीले संसद र सडकमा खेल्नुपर्ने भूमिकाप्रति आमजनता नै सन्तुष्ट देखिएका छैनन्। तसर्थ, अबको नेतृत्व कस्तो हुने, कसलाई नेतृत्व दिने भन्ने कुराको टुंगो त महाधिवेशनले नै लगाउने हो। त्यसकारणले पनि यो महाधिवेशनलाई विशेष महत्वका साथ हेरिएको हो। यथास्थितिमा कांग्रेसले जनविश्वास गुमाउँदै गएको हामीले पनि महसुस गरिरहेका छौं। कांग्रेस अब नयाँ शिराबाट अगाडि बढ्नुपर्ने आवश्यकता छ।

**० कांग्रेस र जनता समाजवादी पार्टीका शीर्ष नेताहरुबीच छलफल भएको छ। के-के विषयमा छलफल भयो त ?**

**– नेपाली कांग्रेस र जनता समाजवादी पार्टीका शीर्ष नेताहरुबीच छलफल भएको छ। देशको अवस्था, प्रधानमन्त्रीले एकाएक चलिरहेको संसद अधिवेशन अन्त्यको घोषणा गरेको विषय, नागरिकता विधेयक लगायतका विषयमा दुवै पार्टीका शीर्ष नेताहरुबीच छलफल भएको हामीलाई जानकारी प्राप्त भएको हो। सबभन्दा ठूलो प्रतिपक्षी र त्यसपछि प्रतिपक्षी दलबीच आगामी दिनमा कसरी सहकार्य हुन सक्छ, देश र जनताको हितमा कसरी अगाडि बढ्ने भन्ने कुराहरुमा नै दुवै दलबीच छलफल भएको हो।**

**० सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीभित्र चलिरहेको शक्ति संघर्षको प्रभाव कांग्रेसमा पनि परेको छ त ?**

– नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकमा नेकपाभित्र विवाद चलिरहँदा सभापति लगायतका नेताहरुको भेटघाट भएको कुराकानी बारे पनि चर्चा भयो। केन्द्रीय समितिका सदस्यहरुले त्यसबारे पनि प्रश्न उठाउनुभएको थियो। सभापति देउवाले बैठकमा यसबारे पनि प्रष्ट पार्नुभएको थियो। नेकपाका नेताहरुसँग चलिरहेको संसद अधिवेशनलाई अचानक प्रधानमन्त्रीले अन्त्य गर्नुको कारणबारे कुराकानी भएको उहाँले हामीलाई जानकारी गराउनुभयो।

**० प्रधानमन्त्री ओलीले नेकपाभित्रको विवाद मिलेन भने पार्टी फुटाएर भए पनि कांग्रेससँग मिलेर सरकार बनाउने अफर पनि आएको भन्ने कुराहरुको चर्चा छ नि ?**

**– नेपाली कांग्रेसलाई जनताले पाँच वर्षसम्म प्रतिपक्षमा बस्नका लागि म्यान्डेट दिएको छ। अढाई वर्षको समय बितिसकेको छ र अब अढाइ वर्ष बाँकी छ। कांग्रेसले यदि सरकारमा जान्छ भने जनताको** मतादेश विपरीत हुनेछ भन्ने हाम्रो धारणा हो। कुनै पनि हालतमा कांग्रेस अहिलेको अवस्थामा सरकारमा जाने अवस्था छैन। कांग्रेस एउटा लोकतान्त्रिक पार्टी हो र लोकतान्त्रिक पद्धतिअनुसार चल्नेछ। केपी ओलीको नेतृत्वमा कांग्रेस सरकारमा जाँदैन भन्नेमा हामी ढुक्क छौं। नेकपाको आन्तरिक विवाद कांग्रेसको कुनै चाँसो छैन। तसर्थ, बाहिर आएका समाचारहरु अफवाह मात्रै हो। विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै कांग्रेसले आगामी दिनमा सशक्तरुपमा आफ्नो उपस्थिति देखाउनेतिर सोच्नुपर्ने बेला हो। केपी ओलीलाई जनताले जुन म्यान्डेट दिएको थियो त्यसमा पूर्णरुपमा असफल भइसकेको हाम्रो निष्कर्ष छ।

# मधेशलाई होच्याउने टेलिभिजन कार्यक्रम तत्काल बन्द हुनपर्छ

मधेश र मधेशीलाई होच्याउने, अपमाणित गर्ने खालका कार्यक्रमहरु पटक-पटक हामीले हेर्दै आएका छौं। *ह्वाट द फ्लप* कार्यक्रमका प्रस्तोताको विगत हेर्दा उहाँले मधेशी समुदायको भूमिका गर्दा मुखमा कालो पोत्ने र व्यंग्य गर्दै आएको हुनाले हदैसम्मको कारबाही हुनुपर्छ।



**डा.शरद सिंह यादव**
**सामाजिक अभियन्ता तथा जनता समाजवादी पार्टी नेपालका युवा नेता**

**० कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने *ह्वाट द फ्लप* कार्यक्रमको विरुद्धमा किन उजुरी दिनुभयो ?**

**– काठमाडौंका ठूला मिडिया हाउसहरुले मधेश र मधेशीमाथि व्यङ्ग्यात्मक कार्यक्रमहरु चलाउने, खिल्ली उडाउने गर्दै आएका छन्। भए/नभएका विषयहरुलाई अतिरञ्जित गरेर देखाउने चलन नै चलेको छ। केही दिन अगाडि कृषि टिभीमा पनि यस्तै कार्यक्रम आएको थियो। यो देशमा अहिले राष्ट्रिय एकताको ठूलो समस्या देखिन्छ। हिमाल, पहाड, तराई-मधेशमा एकता खोजिरहेको अवस्थामा केही पत्रकार, कलाकारहरुले हाम्रो भावना नबुझेका हुन्** कि बुझेर पनि बुझ पचाएको जस्तो लाग्छ। मधेशी पात्रको भूमिका गर्नका लागि मुखभरि कालो पोत्नुपर्ने अवस्था त म देख्दिँन। मधेशमा सबै कालो मान्छे मात्रै हुन्छ ? पहाडेहरु गोरो हुन्छन् भन्ने कुरा त छैन। मधेशमा एकसे एक गोरो मान्छे छन्, पहाडकै मान्छे कालो पनि हुन्छन्। यस्तो मानसिकताको विरुद्धमा हामी छौं। सन्दीप क्षेत्रीले कान्तिपुर टेलिभिजनमा *ह्वाट द फ्लप* कार्यक्रममा अहिले नागरिकताबारे आएको विधेयकको विषयमा एउटा प्रस्तुत गर्नुभएको छ। कार्यक्रममा एउटा मधेशी महिला, जो बोल्न सक्दैन, उसको लागि उसको श्रीमानले बोलिदिनुपर्ने, त्यसमा पनि यति तल्लोस्तरसम्मको व्यंग्य गर्नुभएको छ, त्यसकै विरुद्धमा हामीले प्रेस काउन्सिल नेपाल र मधेशी आयोगमा उजुरी दिएका हौं। एउटा ठूलो मिडिया हाउसका आफूलाई राम्रा भनाउँदा कलाकारले जब एउटा सिंगो समुदायलाई होच्याउने खालको प्रस्तुति देखाउनुहुन्छ भने कदापि हामीलाई स्वीकार्य हुँदैन। यस्तो अपमानजनक कुरालाई हामी मधेशका युवा, अभियन्ता, बुद्धिजीबीहरुले कहिल्यै पनि सहन सक्दैनन्। मैले कान्तिपुर टेलिभिजन, कार्यक्रमको प्रस्तोता र कार्यक्रमको निर्देशकलाई उचित कारबाही पाउँ भनेर उजुरी दर्ता गराएको छु।

**० मधेशी आयोग र प्रेस काउन्सिलले यी ठूला मिडियाहरुलाई कारबाही गर्न सक्छन् त ?**

**– म जुन निकायहरुमा उजुरी दिएको छु, तिनीहरुको कामै त्यहीं हो। मधेशी आयोग गठनको उद्देश्य पनि हो कि मधेशी सांस्कृतिकमाथि हुने हमलाविरुद्ध कारबाहीको प्रक्रिया अगाडि बढाउने हो। आयोगले जसरी पनि टेलिभिजन कार्यक्रमलाई कारबाही गर्ने आश्वासन दिएको छ। यदि एउटा कुनैलाई कारबाही भयो भने एउटा नजिर बस्छ र विस्तारै यस्ता कार्यक्रमहरु बन्द हुन्छ। हास्य व्यंग्यको पनि एउटा सीमा हुन्छ। जब मान्छेले एकदमै तल्लोस्तरसम्म गिरेर व्यंग्य गर्न थाल्छन् भने सम्बन्धित निकायले कारबाही गरेन भने भोली जनता आफै कारबाही गर्न तत्पर हुने अवस्था पनि आउन सक्छ।**

**० एउटा सिंगो समुदायविरुद्ध घृणा फैलाउने कार्यक्रमविरुद्ध कुन हदसम्मको कारबाही हुनुपर्ने हो ?**

**– मैले उजुरीमै कस्तो कारबाही गर्ने भनिसकेका छौं। कार्यक्रम बन्द गरेर उनीहरुले क्षमा माग्ने र प्रस्तोतालाई हदैसम्मको कारबाही हुनुपर्ने हाम्रो माग हो। प्रेस काउन्सिल र त्यो मिडिया हाउसमाथि भर पर्छ कि कुन हदसम्मको कारबाही गर्ने हो।**

**० कार्यक्रम बन्द गरी आगामी दिनमा यस्तो कार्यक्रम नबनाउने प्रतिबद्धता आउनुपर्छ ?**

**– मधेश र मधेशीलाई होच्याउने, अपमाणित गर्ने खालका कार्यक्रमहरु पटक-पटक हामीले हेर्दै आएका छौं। *ह्वाट द फ्लप* कार्यक्रमका प्रस्तोताको विगत हेर्दा उहाँले मधेशी समुदायको भूमिका गर्दा मुखमा कालो पोत्ने र व्यंग्य गर्दै आएको हुनाले हदैसम्मको कारबाही हुनुपर्छ। हामीले पहिला नै यस्तो कदम चाल्नुपर्ने थियो भनेर धेरै साथीहरुले फोन गरेर भनेका छन्। देशको ५० प्रतिशतभन्दा बढी जनतालाई हेप्ने काम गरेको छ, यस्तो कार्यक्रमलाई त निश्चितरुपमा बन्द गर्नैपर्छ।**

**० सन्दीप क्षेत्रीले आफू पनि मधेशी नै भएको दाबी गर्नुहुन्छ नि ?**

**– कृषि टेलिभिजनको कुरा उठेको उहाँले आफ्नो स्पष्टिकरण दिएको मैले पनि देखेको छु। उहाँले म पनि मधेशी नै छु भनिरहँदा पनि नागरिकता विधेयकको बारेमा कार्यक्रम बनाउँदा भारतबाट विवाह गरेर आएकी महिलाले मजाक-मजाकमा तीन चार वटा बच्चा जन्माउँछन् भन्नु कुन स्तरको शब्द होला ? यदि उहाँ सहीमा मधेशमा जन्मेको मान्छे हुन् भने कम्तीमा यस्तो स्तरहीन कुरा गर्दैनथ्यो। उहाँले एकदमै तल्लो स्तरको स्तरहीन कुरा गर्नुभएको छ। यसका लागि उहाँले कारबाही भोग्नैपर्छ।**

**० मधेशी समुदायलाई होच्याउने खालका कार्यक्रमहरु किन उत्पादन हुन्छ होला ?**

**– काठमाडौंका केही मान्छेमा मधेशप्रति जुन किसिमको मनोविज्ञान छ जस्तै, मधेशीहरु अनपढ हुन्छ, गरिब हुन्छ, बोल्न आउँदैन, दोस्रो दर्जाको नागरिक हो जस्ता मानसिकता हरेक मिडियामा छिरेका छन्। मधेशीमाथि व्यंग्य गर्‍यो भने टीआरपी बढ्छ भन्ने एउटा गलत सोच बसेको छ। त्यसैले, यस्तो मानसिकताले नै काठमाडौंमा काम गरिरहेको छ। यही मानसिकतालाई हटाउनका लागि मधेशका युवा, बुद्धिजीबीहरु** अगाडि आयो भने यस्ता प्रवृत्तिलाई हटाउन सकिन्छ। हामी सबै नेपाली एक हौं, भौगोलिक अवस्थाले गर्दा मात्रै कोही गोरो र कालो हुने गरेका छन्, कसैको आँखा ठूलो र कसैको सानो हुन्छ। कोही नेपाली राम्रोसँग बोल्न सक्दैन, कोही मधेशका भाषा राम्रोसँग बोल्न सक्दैन। पहाडकै जिल्लाका धेरै यस्ता मान्छे छन् जसलाई नेपाली राम्रोसँग बोल्न आउँदैन, के उनीहरु नेपाली होइन र ? नेपाली हुनका लागि गोरो हुनैपर्छ ? ढाका टोपी लगाएका मान्छे मात्रै नेपाली हुन् त ? यदि हो भने संविधानले त्यसरी व्याख्या गरोस्।

**० कलाकारले कुनै अभिनय गर्दा त्यहींअनुसारको भेष, भुषा र भाषामा आफूलाई ढाल्नुपर्ने बाध्यता हुन्छ भन्ने तर्क पनि छ नि ?**

**– पक्कै पनि हो, यसलाई म मान्छु। तपाइँले जुन समुदाय र परिवेशको अभिनय गर्नुहुन्छ भने त्यहींअनुसार लुगा लगाउनुपर्ने, त्यहीं भेषअनुसार प्रस्तुत हुनुपर्छ। तर, त्यसको आडमा तपाइँले कसैको मानमर्दन गर्नुभएन। मधेशीको अभिनय गर्नका लागि मुखमा कालो पोत्नैपर्छ भन्ने त छैन। म पनि मधेशी हुँ, कालो छैन, एकदम गोरो छु, कुनै पहाडेभन्दा कम गोरो छैन। त्यसैले यो एकदम निचस्तरको सोचाइ हो कि मधेशीलाई देखाउनुपर्‍यो भने च्यातेको लुगा लगाउनुपर्ने, मधेशीहरु तरकारी बेच्ने हुन्छन्, खाली सिसी पुराना कागजवाला नै हुन्छन्। म दावाका साथ भन्न चाहन्छु कि मधेशी समुदायका व्यक्तिहरु शिक्षक, डाक्टर, चिकित्सक, न्यायाधीश, राष्ट्रपतिसम्म पुगिसकेका छन्। यो देशको प्रथम राष्ट्रपति र उपराष्ट्रपति मधेशी समुदायका व्यक्ति भइसकेका छन्। के मधेशी भनेकै सबै गरिब र अशिक्षित हुन्छन् त ? त्यस्तो त होइन। त्यसैले यो मनोविज्ञानलाई तोड्नका लागि हामी अगाडि आएका हौं। मलाई धेरै पहाडी मूलका साथीहरुले फोन गरेर भन्नुभएको छ कि धेरै राम्रो गर्नुभयो, यो मान्छे (सन्दीप क्षेत्री)ले जहिले पनि मधेशी समुदायलाई होच्याउने खालका प्रस्तुती** देखाइरहेका छन्। मधेशी समुदायलाई होच्याएर नै उसको दालरोटी चलिरहेको छ। उहाँ वीरगन्जका मान्छे हुनुहुन्छ, तर उहाँको कार्यशैली र व्यवहारमा आफ्नो जन्मभूमिप्रति त्यस्तो लगाव देखिएन। हामी कुनै व्यक्ति वा संस्थाको विरुद्धमा होइन, आचरण र मानसिकताको विरुद्धमा लागेका छौं।

**० कार्यक्रमका विरुद्ध कारबाही भएन भने के गर्नुहुन्छ ?**

**– हामी सम्बन्धित निकायमा उजुरी गरेका छौं, केही दिनका लागि पर्खिन्छौं। उचित कारबाही भएन भने त्यसपछि हामीले छलफल गरेर कुनै निर्णय गर्छौं। कानूनले आफ्नो काम गरेन भने त्यसपछि जनताले आफ्नो हातमा लिने हो। प्रेस काउन्सिलका अध्यक्षले पनि यसलाई सकारात्मकरुपमा लिनुभएको छ, कारबाही हुन्छ भन्ने आश्वासन दिनुभएको छ।**

**० यस्ता कार्यक्रमहरुले गर्दा राष्ट्रमा कस्तो प्रभाव पार्छ त ?**

– यस्ता नकारात्मक किसिमका **कार्यक्रमहरुले समाजमा विभेद र विभाजन ल्याउँछ। सञ्चार क्षेत्रले त देशलाई एकसूत्रमा बाँध्ने काम गर्नुपर्छ। मिडियाले समाजलाई विभाजन गर्ने काम गर्नुहुँदेन।**

**० कलाकार सन्दीप क्षेत्रको बारेमा केही भन्नु छ ?**

**– कलाकार सन्दीप क्षेत्रीलाई म व्यक्तिगत रुपमा चिन्दिँन। उहाँ एउटा कलाकार जस्तो मान्छे, उहाँलाई यो एउटा सुध्रिने मौका हो। उहाँ त्यहीं व्यवसाय गरेर खाने मान्छे हुन्। मधेशीकै नाममा कार्यक्रम गरेर अहिलेसम्म उहाँको चुलो बलेको छ। उहाँ यदि सुध्रिनु हुन्छ भने माफी मागेर कार्यक्रमको स्वरुप परिवर्तन गर्ने र अब आइन्दा मधेशी समुदायमाथि कुनै किसिमको अपमानित हुने कार्यक्रम आयो भने उहाँकै लागि प्रत्युत्पादक हुन्छ भन्ने कुरा उहाँलाई आग्रह गर्न चाहन्छु।**

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री दर्ज्यानी चिन्हबाट सुशोभित

काठमाडौं, २५ असार । नेपाल सरकारमन्त्रिपरिषद्को असार २३ गतेको निर्णयअनुसार २५ गते बिहीबारबाट लागू हुने गरी प्रहरी महानिरीक्षक पदमा पदोन्नति भएका शैलेश थापा क्षेत्री दर्ज्यानी चिन्हबाट सुशोभित भएका छन् ।

नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबारमा बिहीबार आयोजित बिशेष समारोहबीच गृहसचिव महेश्वर न्यौपानेले प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई दर्ज्यानी चिन्हबाट सुशोभित गरेका छन् । सुशोभन समारोहमा गृहसचिव न्यौपानेले नेपाल सरकार गृह मन्त्रालयको तर्फबाट प्रहरी महानिरीक्षक थापा क्षेत्रीलाई बधाई तथा कार्यकाल सफलताको कामना गर्नुका साथै प्रहरी संगठनको गरिमा एवम् छविलाई अझ उचाईमा पुर्या।उने विश्चास व्यक्त गरे ।

प्रहरी संगठन प्रमुखको नियुक्ति आमनागरिकको चासो र चर्चाको बिषय हुने उल्लेख गर्दै गृहसचिव न्यौपानेले त्यो चासो, चर्चा भइरहँदा प्रहरी संगठनको प्रमुखको नियुक्तिमा मर्यादित, स्वस्थ्य र सालिन किसिमको व्यवहार सम्भावित उमेदवारबाट प्रस्तुत भएकोमा अत्यन्तै सराहनीय रहेको र भोलिका पुस्ताले अनुकरण गर्न योग्य रहेको बताए ।

राष्ट्र तथा नागरिकको अपेक्षा अनुरुप शान्ति सुरक्षा अमन चयन कायम राख्ने, अपराध नियन्त्रणमा अझ कुशलता प्रदर्शन गर्ने, प्रविधिमैत्री अनुसन्धान पद्धतिलाई अगाडि बढाउने, नागरिककै साथीको रुपमा प्रहरीलाई अझ क्रियाशील तुल्याउने, प्रहरीको नागरिकप्रतिको सम्मानलाई अझ उच्च बनाउने र नागरिकबाट प्रहरी संगठनलाई प्राप्त हुने इज्जत, मर्यादा, अपनत्व तथा विश्चास बढाउने कुरामा नवनियुक्त प्रहरी महानिरीक्षकलाई सफलता प्राप्त हुनेछ र प्रहरी संगठन अझ सम्झन लायक हुने विश्वास व्यक्त गर्दै गृहसचिव न्यौपानेले भने, 'नवनियुक्त प्रहरी महानिरीक्षकले ल्याउन खोजेका संगठनात्मक सुधारका योजनाहरुमा मन्त्रालयको भरपुर साथ, सहयोग र समर्थन रहने छ ।'

नेपाल प्रहरीको भूमिका आन्तरिक सुरक्षा र नागरिकको हक हित संरक्षणमा अरु सुरक्षा निकायको भन्दा बढी हुने भएकोलेनेपाल प्रहरी अझ नागरिकमैत्री हुनुपर्ने चर्चा गर्दै गृहसचिव न्यौपानेले कानून कार्यान्वियनमा निर्मम भई अपराध नियन्त्रण तथा अनुशासनहिन कार्यमा शून्य शहनशिलता अपनाई दृढ भई आफूलाई प्रस्तुत गर्नुपर्ने बताए ।

सम्पूर्ण कर्मचारीहरुको तर्फबाट नेतृत्वलाई सफल बनाउनेमा सहयोग हुने र प्रहरी महानिरीक्षकको तर्फबाट पनि सम्पूर्ण मातहतका कर्मचारीहरुलाई साथमा लिएर संगठन अगाडि बढ्नेमा पहल हुनेपर्ने उनले बताए ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले व्यावसायिक निष्ठाकासाथ राष्ट्रसेवामा पुर्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै नेपाल सरकारले आफूलाई नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा पदोन्नति गरेकोमा नेपाल सरकार, प्रधानमन्त्री तथा गृह मन्त्रालयप्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गरे ।

संविधान, ऐन र नियमले निर्दिष्ट गरेको सिमाभित्र रहेर नेपाल सरकार गृह मन्त्रालयको निर्देशनमा सिंगो प्रहरी संगठनलाई साथ लिएर आफ्नो क्षमता र विवेकले भ्याएसम्म निस्वार्थरुपमा नेपाल प्रहरी समक्ष रहेको अपेक्षामा खरो उत्रने इमानदार प्रयास गर्ने बताउँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले भने, "प्रहरी महानिरीक्षक एक्लैले सबै अपेक्षा पूरा गर्न सक्दैन, प्रहरी महानिरीक्षकको सफलता वा असफलता देश, सरकार संगठनको सफलता असफलतासँग गाँसिएको हुन्छ, यसको निम्ति उचित निर्देशन भरपर्दो सहयोगी र स्वस्थ्य आलोचनाको आवश्यकता हुन्छ । मेरो सफलता वा असफलता भनेको यिनै कुराहरुको समायोजन कसरी गर्ने भन्नेमा निर्भर गर्छ भन्ने लाग्छ र म मेरोपुरा तागत यसमा लगाउने वाचा गर्दछु ।"

हामी कानुन कार्यान्वयन गर्ने निकाय हौं, कानुन उलंघन गर्ने निकायको रुपमा रुपान्तरण हुन कुनै पनि हालतमा हुँदैन्, कसैले पनि बर्दीमा दाग लगाउने कोशिश गर्छ भने उसमाथि निर्मम रुपमा कारवाही प्रक्रिया अगाडि बढाइने बताउँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीलेआगामी दिनहरुमा प्रहरी संगठनलाई संस्थागत निर्णयको आधारमा अगाडि बढाइने बताए कार्यक्रममा गृह मन्त्रालयका उच्च पदस्थ अधिकारीहरु, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका उच्च प्रहरी अधिकृतहरु, राष्ट्रिय अनुसन्धान विभागका उच्चपदस्थ कर्मचारी एवं संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

दर्ज्यानी चिन्हद्वारा सुशोभित भएपश्चात नवनियुक्त प्रहरी महानिरीक्षक थापा क्षेत्रीले बिहीबारै आफ्नो कार्यकक्षमा पदबहाली गरेका छन् । प्रहरी महानिरीक्षक थापा क्षेत्री प्रहरी प्रधान कार्यालय प्रवेश गर्नुहुँदाप्रहरी अतिरिक्त महानिरीक्षकद्वय डा.आशा सिंह र हरिबहादुर पाल,प्रहरी नायवमहानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृत तथा जवानहरुले हार्दिक स्वागत गरेका छन् ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्नुको साथै प्रहरी प्रधान कार्यालय परिसरमा वृक्षारोपण समेत गरे ।

विसं २०२५ मंसिर २३ गते भक्तपुर सूर्यविनायक नगरपालिका-५ मा जन्मेका प्रहरी महानिरीक्षक थापा क्षेत्री २०४९ बैशाख १९ गते प्रहरी निरीक्षक पदबाट नेपाल प्रहरी सेवा प्रवेश गरेका थिए ।

प्रहरी महानिरीक्षक थापा क्षेत्री २०५८ फागुन १० गते प्रहरी नायव उपरीक्षक, २०६७ पुस २० गते प्रहरी उपरीक्षक, २०७४ साउन १९ गते प्रहरी वरिष्ठ उपरीक्षक, २०७५ असोज २८ गते प्रहरी नायब महानिरीक्षक, २०७६ चैत ९ गते प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति भएका थिए ।

राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका प्रहरी महानिरीक्षक थापा क्षेत्रीले कमाण्ड र स्टाफ कोर्ष, लिडरसिप एण्ड म्यानेजमेन्ट ट्रेनिङ प्रोग्राम लगायत विभिन्न १७ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम हासिल गरेका छन् ।

प्रहरी महानिरीक्षक थापा क्षेत्री दुर्गम सेवा पदक, दैवीप्रकोप पिडीतोद्वार पदक, गद्दी आरोहण रजत पदक, प्रसिद्ध सेवा पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, प्रहरी सेवा पदक, गोरखा दक्षिणबाहु चौथोलगायतका विभूषणबाट विभूषित छन् ।

यसैगरी उनले उत्कृष्ट व्यावसायिक कार्य सम्पादन गरेबापत ग्रेड थप तथा दर्जनौं नगद पुरस्कार प्राप्त गर्नुको साथै विभिन्न प्रशंसापत्र एवम् कदरपत्रद्वारा सम्मानित भएका छन् ।

# प्रभु साहको क्षेत्रमा गुणस्तरहीन काम, रौतहटको एउटै टोलमा ३२ करोड स्वाहा



रौतहट । सहरी विकास मन्त्रालयबाट रौतहटको गरुडा नगरपालिका वार्ड न. ५ को शिवनगर आसपास मात्र ३२ करोडको सड्क ढलान भईरहेको छ ।

रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले सहरी विकास मन्त्री हुँदा सिंगै नगरलाई छोड़ेर आफ्नो क्षेत्रमा पर्ने एउटा सानो टोलको लागि ३२ करोड रकम विनियोजन गरेर शक्तिको गलत अभ्यास गरेको गरुडा नगरपालिकाका स्थानीयले आरोप लगाएका छन् ।

सांसद साहको क्षेत्रमा पर्ने गरुडा नगरपालिकाको वडा नम्बर ५ मा चार वटा टोल छन्, जसमध्येको एउटा सानो टोल शिवनगरमा मात्र ३२ करोडको काम भईरहेको छ जसमध्ये १६ करोडको सडक ढलान मात्र हुँदैछ ।

रौतहटकै ठुला नगरपालिका मध्येको एक रहेको गरुडा नगरपालिकाको केन्द्र रहेको गरुडा बजारलाई ध्यान नदिएर आफ्नो क्षेत्रको त्यही वडामा पर्ने महम्मदपुर, लक्ष्मीपुरजस्तो ठूलो टोल हुँदाहुँदै पनि एउटा सानो टोल शिवनगरमा त्यति धेरै बजेट विनियोजन गरेको र गुणस्तरहीन काम भएको स्थानीयको आरोप छ ।

स्थानीय चन्देश्वर यादवले सांसद प्रभु साहले विकासप्रेमी नेताको रुपमा स्थापित भए पनि पदीय शक्तिको दुरुपयोग गरेर पक्षपाती काम गरेको आरोप लगाए । उनले सांसद साह मन्त्री हुँदा सिंगो नगरलाई छोडेर शिवनगरमा मात्र धेरै बजेट दिएकोमा असन्तुष्टि जनाए ।

सहरी विकास डिभिजन कार्यालयलाई सोध्दा विनियोजित बजेटमध्ये १६ करोडको सडक ढलानको ठेक्का ढुकुचु कन्स्ट्रक्सनले पाएको जनाएको छ । डिभिजनका इन्जिनियर कमल खतिवडाले १० किलोमिटर सडक ढलानको लागि उक्त ठेक्कामा दिइएको बताए ।

एक करोडमा एक किलोमिटर सडक ढलान हुन सक्ने भए पनि डेढ गुना बढी रकमको ठेक्का हुंदा पनि गुणस्तरहीन काम भएको स्थानीयले आरोप लगाएका छन् । इन्जिनियर खतिवडाले भने केही राजनीतिक विवाद भएको स्थान बाहेकको ठाउँमा भने काम ठिकै भएको स्पष्टीकरण दिए ।

एउटा सानो टोलमा किन त्यति बजेट पठाएको भनेर सांसद साहका स्वकिय सचिव विजय यादवलाई प्रश्न गर्दा उनले शिवनगरलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न बढी बजेट दिइएको बताए ।

'शिवनगर रौतहटमा मात्र नभएर सिंगो देशका साथै भारतमा समेत चर्चामा रहेको धार्मिक स्थल हो । तर पूर्वाधार अभावका कारण यो मन्दिरमा पर्यटक भित्रयाउँने सपना अधुरा थियो । तर उहाँ ( प्रभु साह) सहरी विकास मन्त्री हुँदा यस ठाउँमा पर्यटकीय पूर्वाधार निर्माण गर्ने उद्देश्यले बजेट राख्नुभएको थियो' यादवले भने, 'यो विभेद होइन, पर्यटन विकासलाई टेवा पुर्याउने दिशामा कयौं कदम अगाडि बढेको हो ।'

# सरकारले सीमामा सुरक्षा थप्दै

काठमाडौं। सरकारले भारत र चीन दुवैतिर सीमा सुरक्षा बढाउँदै लगेको छ। सीमामा सुरक्षा कमजोर भएको आवाज उठिरहेका बेला गृह मन्त्रालयले चालू वर्ष बोर्डर अब्जरभेसन पोस्ट (बीओपी) २ सय २२ वटा पुर्‍याउने भएको छ।

दक्षिणी सीमामा ८६ वटा बीओपी थिए तर उत्तरमा एउटा पनि थिएन। दक्षिणतर्फ २०७५/७६ मा २१ वटा बीओपी थप तथा स्तरोन्नति गरियो। एक सय १४ वटा थप गर्ने निर्णयअनुसार दक्षिणमा २१ र उत्तरमा ४ गरी २५ वटा बीओपी स्थापना गरिएको हो। दक्षिणमा १ सय २८ र उत्तरमा ४ गरी १ सय ३२ बीओपी राखिएको गृहमन्त्रीका प्रेस संयोजक किरण भट्टराईले बताए ।

वैशाख ३१ यता उत्तरी र दक्षिणी सीमामा ११ वटा सशस्त्र प्रहरी बलको बोर्डर अब्जरभेसन पोस्ट थपिएका हुन् ।

चीनसँगको सीमामा पनि बीओपी स्थापना गर्न थालिएको छ। नेपाल-चीन करिब १५ सय मिटर सीमा क्षेत्रअन्तर्गतको मुस्ताङको लोमान्थाङमा जेठ १५ मा बीओपी राखिएको हो। त्यसपछि हुम्लाको हिल्सा, संखुवासभाको किमाथांकामा बीओपी खडा गरिएको छ। सिन्धुपाल्चोकको भोटेकोसी र रसुवाको गोसाइँकुण्डमा स्थापना गर्ने तयारी छ। ताप्लेजुङको कञ्चनजंघामा भने स्थापना गर्न बाँकी छ।

## मधेश अपडेट

### सरिता गिरीलाई निष्कासन गरेको पत्र संसद्मा

काठमाडौं । समाजवादी पार्टीले आफ्ना सांसद सरिता गिरीलाई पदबाट निष्कासन गरेको जानकारी पत्रमार्फत संसद् सचिवालयलाई गराएको छ। पार्टीको मंगलबार बसेको पदाधिकारी बैठकले पार्टी निर्देशन र संसदीय दलको ह्वीप उल्लंघन गरेको आरोपमा सांसद गिरीलाई पार्टी सदस्य र सांसद पदबाट हटाउने निर्णय गरेको थियो । गिरीलाई सांसदबाट निष्कासन गर्ने पत्र पार्टी संसदीय दलका प्रमुख सचेतक उमाशंकर अरगरिया र सहअध्यक्ष राजेन्द्र श्रेष्ठले संसद् महासचिव भरतराज गौतमलाई हस्तान्तरण गरेका थिए। सभामुख अग्नि सापकोटाले गिरीलाई सांसदबाट निलम्बन गरेपछि त्यसको जानकारी निर्वाचन आयोगलाई दिइने छ। पत्र बुझाएको जानकारीपछि गिरीले सभामुखको सचिवालय र संसद् सचिवालयला फोन गरेर आफूमाथि पार्टीको विधानविपरीत कारबाही गर्न लागिएको भन्ने गुनासो गरेकी छन् ।

### जनता समाजवादी पार्टी विधिवत दर्ता

काठमाडौं । राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टी एकीकरण भएर बनेको जनता समाजवादी पार्टी निर्वाचन आयोगमा विधिवत रुपमा दर्ता भएको छ । निर्वाचन आयोगको बुधबारको बैठकले उक्त दल दर्ता गर्ने निर्णय गरेको आयोगले जानकारी दिएको छ । निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार राजपा र समाजवादी पार्टी एकता भएर जनता समाजवादी पार्टी गठनको निवेदनअनुसार दल दर्ता गर्ने निर्णय भएको छ । जनता समाजवादी पार्टीलाई आयोगले प्रमाणपत्र दिने तयारी गरिरहेको छ । बिहीबारै वा शुक्रबार दल दर्ताको प्रमाणपत्र प्रदान गरिनेछ । दुवै पार्टीका नेताले वैशाख ११ गते एकताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए । सरकारले अध्यादेश ल्याएर दल विभाजन सजिलो हुने व्यवस्था गर्न लागेपछि दुवै दलले वैशाख १० गते राति एकताको घोषणा गरेका थिए ।

### मुसहर र डोम समुदायलाई खाद्यान्न वितरण

सप्तरी । सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर २ का एक सय ३५ घर मुसहर र डोम समुदायलाई मंगलबार खाद्यान्न वितरण गरिएको छ। व्योम कुसुमा बुद्धधर्म संघका विद्याधर आचार्य महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा दलित सरोकार मञ्च कञ्चनरुपले राहत स्वरुप खाद्यान्य वितरण गरेको हो। एक सय ३५ घरमध्ये डोम १८ र मुसहर समुदायका ११७ घरलाई राहत वितरण गरिएको मञ्चका अध्यक्ष युक्तिलाल मरिक डोमले बताए। पछिल्लो पटक एक सय ८० घरलाई राहत वितरण गर्ने लक्ष्य रहेकोमा १३५ घरलाई वितरण गरिएको र थप ४५ घरलाई अर्कोदिन वितरण गर्ने अध्यक्ष मरिकले बताए । यसअघि मञ्चले महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा कञ्चनरुप नगरपालिकामा चार सय ७२ घरधुरी डोम,मुसहर,राम र पासवान समुदायलाई राहत वितरण गरिएको संस्थाका अध्यक्ष युक्तिलाल मरिक डोमले बताए । राहतमा उसिना चामल २५ किलो, गहुँको पिठो ५ किलो, दाल ३ किलो, सोयाबिन ३ किलो, साबुन ४ थान र नुन २ प्याकेट वितरण गरिएको छ। छिन्नमस्ता गाउँपालिका वडा नम्बर २का वडाअध्यक्ष चुनचुन साह,इलका प्रहरी कार्यलय सई शिवकुमार राम,वडा सदस्य शारदादेवी सदा,जितादेवी साफी,लालदेव यादब र रामचन्द्र मण्डल समेत उपस्थितिमा राहत वितरण गरेको छ । गाउँपालिकाले एक पटक मात्रै राहत वितरण गर्न सकेकोमा महायोगीको सहयोगले मञ्चले राहत वितरण गरेपछि दलित भित्र पनि सिमान्तकृत डोम र मुसहरलाई ठूलो राहत मिलेको छिन्नमस्ता गाउँपालिका वडा नम्बर २का वडाअध्यक्ष चुनचुन साहले बताए । गत चैत्र ११ गतेदेखी जारी लकडाउनका कारण दलित समुदायभित्र पनि सिमान्तकृत मुसहर समुदायलाई पहिलो प्राथमिकतामा राखेर राहत वितरण गरिएको संस्थाका कार्यकारी निर्देशक भोलाकुमार पासवानले बताए । निर्देशक पासवानका अनुसार स्टोरीज अफ नेपाल समुदायको सहयोगमा मञ्चले गएको असार १२ गते सर्लाहीको बरहथवा नगरपालिका- ८,१० र हपरपु नगरपालिका ४का १०५ मुसहर र डोम समुदायका लाई शुक्रबार राहत वितरण गरिएको छ । दलित सरोकार मञ्चसँग दुई वर्षदेखी सहकार्य गरेर दलित भित्र पनि सिमान्तकृत मुसहर समुदायको जीविकोपार्जनका लागि समेत स्टोरिज अफ नेपालका संसथपक जय पौडेलले सहयोग गर्दै आएका छन् ।

### चट्याङबाट मृत्यु हुनेका परिवारलाई १ लाख, रक्सी खाएर मृत्यु हुनेका परिवारलाई तीन लाख

वीरगन्ज । प्रदेश २ सरकारले खेतमा धान रोप्दै गर्दा चट्याङ लागेर मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ दिने घोषणा गरेको छ । यस्तै रक्सी खाएर मृत्यु भएका परिवारलाई भने तीन/तीन लाख दिएको छ । वर्षासँगै परेको चट्याङले बिहीबार कलैया उपमहानगरपालिका-१२ शीतलपुरकी ३५ वर्षीया आशादेवी महतो, ४५ वर्षीया हलिमा खातुन, फेटा गाउँपालिका-१ की ३० वर्षीया इन्दुदेवी महतो र ४० वर्षीया सुनारपतिदेवी महतोको मृत्यु भएको थियो । खेतमा धान रोपिरहेका बेला चट्याङ लागेर घटनास्थलमै उनीहरुको ज्यान गएको हो । भौतिक पूर्वाधार तथा यातायातमन्त्री जितेन्द्र सोनलले मृतकका परिवारलाई एक-एक लाख रुपैयाँ दिने घोषणा गरेका छन् । धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको रमदैयामा मृत्यु भएका परिवारलाई गत चैत ३ मा मुख्यमन्त्री लालबाबु राउत आफैं उपस्थित भई ३र३ लाख राहत उपलब्ध गराउने घोषणा गरे । मृतक परिवारलाई चेक प्रदान गरिसकेको मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादवले जानकारी दिए । महोत्तरीको भंगहा नगरपालिका-७ को मेघनाथ गोरहन्ना र बर्दिवास नगरपालिका-१२ को अहिमान बस्तीका ११ जनाको रक्सी सेवनले मृत्यु भएको थियो । त्यहाँ पनि मुख्यमन्त्री राउत पुगेर ३/३ लाख रुपैयाँ दिने घोषणा गरेका थिए । विरोध भएपछि सामाजिक विकासमन्त्री नवलकिसोर साहले एक लाखदेखि बढीमा तीन लाख रुपैयाँसम्म दिएका थिए ।

### सुनौलो हजार दिनका सुत्केरी तथा गर्भवति महिलालाई चल्ला बितरण

सप्तरी । तिलाठी कोइलाडी गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना कार्यक्रमअन्तर्गत सुनौलो हजार दिनको महिलाहरूलाई हाँसका चल्ला वितरण गरेको छ । मंगलवार तिलाठी कोईलाडी गाउपाँलका र युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रीय पोषणअन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई हाँसका चल्ला वितरण गरिएको हो । पहिलो चरणमा गाउपालीकाले वडा ५, ६, ७ र ८ मा गर्भबति र सुत्केरी महिलाहरूलाई चल्ला बितरण गरिएको वडा नम्वर ८ का वडा अध्यक्ष लक्ष्मी खंगले जानकारी गराएका छन् । उनले तोपाका ४० जना सुनौलो हजार दिनका गर्भवति तथा सुत्केरी महिलाहरूलाई हाँसका चल्ला बितरण गरिएको बताए । गरिव बिपन्न, सुनौलो हजार दिनका महिलाहरूका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमले उनीहरूको ब्यवहारमा परिवर्तन हुन थालेपछि उनीहरू उत्साहित हुँदै गएको तिलाठी कोईलाडी गापा बहुक्षेत्रिय पोषण योजना कार्यक्रम स्वयंमसेवक केसिना सिँहले बताईन ।

### चोरी गरेको मोटरसाइकलसहित पक्राउ

मोरङ । पथरी शनिश्चरे नगरपालिका-९ बाट चोरी गरेको को.३४ प ६००४ नम्बरको मोटरसाइकल सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पथरी शनिश्चरे नगरपालिका-१० बस्ने २० वर्षीय निमा तामाङ, बेलबारी नगरपालिका-२ बस्ने २० वर्षीय पृतिमान भण्डारी र सोही ठाउँ बस्ने २२ वर्षीय अभिषेक कट्टेल रहेका छन् । सोमबार राति पथरी शनिश्चरे नगरपालिका(२ सृजना चौक बस्ने ४७ वर्षीय आतेजुङ राईकोमोटरसाइकल सहितका धनमाल चोरी भएको घटनाको अनुसन्धानमा खटिएको प्रहरीले उक्त चोरी भएको मोटरसाइकल सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । साथै निमाले गत जेठ ३२ गते पथरी शनिश्चरे नगरपालिका(१शान्ति मिनि मार्केटमा रहेको सबिता बस्नेतको पसल र देश थाम्सुहाङको सटर फुटाई जुत्ता चप्पल लगायत जिन्सी सामानसमेत करिब २५ हजार रुपैयाँ मूल्य बराबरको धनमाल समेत चोरी गरेको अनुसन्धानबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### खोलामा मृत फेला

रौतहट । देवाहीगोनाही नगरपालिका-२ लक्ष्मीनिया टोल बस्ने शेख कमरे आलमको १३ वर्षीय छोरा शेख अबिउल्लाह यमुनामाई नगरपालिका(२ भेडियाहीस्थित भेडियाही खोलामा शुक्रबार दिउँसो मृत अवस्थामा फेला परेका छन । देवाहीगोनाही नगरपालिका(२ स्थित कमदी खोलामा बुधबार नुहाउन गएकोमा घर नफर्किएपछि ईलाका प्रहरी कार्यालय देवाहीगोनाहीबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा खोजी गर्ने क्रममा उक्त खोलाको बिच भागमा जलकुम्भी झारमा उनको शव फेला पारेको हो ।

# प्रदेश २ को प्रोफाइल (पार्श्वचित्र) सार्वजनिक



जनकपुरधाम । प्रदेश नीति आयोगले प्रादेशिक प्राश्र्वचित्र (प्रोभिन्सियल प्रोफाइल) सहित चारवटा पुस्तक सार्वजनिक गरेको छ ।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबीच नीति आयोगका अध्यक्ष समेत रहेका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले उक्त पुस्तकहरु सार्वजनिक गरेका हुन् ।
शुक्रबार सार्वजनिक गरिएको पुस्तकहरुमा प्रादेशिक पार्श्वचित्र २०७७, प्रदेश अनुगमन तथा मुल्यांकन मार्गदर्शन २०७७, प्रदेश योजना तथा कार्यक्रम मार्गदर्शन २०७७ र प्रदेश स्तरमा दिगो विकासका लक्ष्यहरुको आधारशिला प्रतिवेदन रहेका छन् ।
कार्यक्रममा मुख्यमन्त्री राउतले आयोगद्वारा प्रकाशित पुस्तकहरु प्रदेशको नीति निर्माणका साथै विकास निर्माणका योजनाहरुलाई प्रभावकारी बनाउन महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।
उनले भने, 'तथ्य र तथ्यांक विना विकास निर्माणलाई प्रभावकारी बनाउन सकिदैन, त्यसलाई नै दृष्टिगत गरेर यो पुस्तकहरु ल्याइएको छ यसले अगामी दिनहरुमा योजना बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।'
कार्यक्रममा नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले पुस्तकहरुको प्रकाशनमा प्रदेश सरकारको सबै निकायले खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गरे ।
उनले भने, ' प्रदेश सरकारको यो पहिलो प्रयास हो, अगामी दिनमा यसलाई अझै परिस्कृत गरिने छ ।
कार्यक्रममा प्रदेश सभा सदस्य राम अशिष यादव, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा सहितको उपस्थिति रहेको थियो ।

# बैरागीको योगदानको सरकारले गरेन कदर, स्थानीय सरकार पनि निरीह किन ?

राकेश यादव



रौतहट । विभिन्न कालखण्डमा भएका परिवर्तनको संघर्षमा ज्यानको बलिदानी दिने पार्टीको कार्यकर्ताहरुलाई प्राथमिकताको साथ राखेर शहीद घोषणा गराउने राष्ट्रीय दल, क्षेत्रीय दलका शीर्ष नेताहरुको नेतृत्वमा बनेका सरकारले राष्ट्रको गौरव बढाउने कार्य गरेका सम्मानित व्यक्तिको हत्या हुँदा सफलतापूर्वक अनुसन्धान गर्न समेत असफल भएका नेपाल सरकारले राहत समेत दिन सकेको छैन ।
आठौं दक्षिण एसियाली खेलकुद ९९ मा कस्य पदक विजेता राष्ट्रिय कुस्ती खिलाडी उपेन्द्र दास बैरागी यादवको हत्या भएको ९ वर्ष तथा राष्ट्रको खेलकुदमा उच्च कदर गरेको भन्दै राहत स्वरुप १० लाख उपलध गराउने निर्णयको ५ वर्ष पुगेपनि पीडित परिवारले केही पाउन सकेको छैन ।
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मुलुकको पहिचान स्थापित गराउने पुरुषको राष्ट्रले बदनीयतपूर्वक आजसम्म सम्मान गर्न सकेको छैन ।
सत्तादारी दलका कार्यकर्ता कुनै झडपमा मारिदा आन्दोलन गराएर एक महीना भित्र शहीद घोषणा गरी राहत क्षतिपूर्ति समेत दिने सरकारले राष्ट्रको गौरव बढाउने बैरागीलाइ ९ वर्ष हत्या भएको पूरा भई सक्दा पनि केहि वास्ता गरेको छैन ।
पीडित परिवारको सहारा खोसिएपछि बेसहारा भएका परिवारको अवस्था पीडा कस्टकर जीवन बनेको छ सहारा बन्न कोही आफन्त, नातेदार अघि आएन र सरकारले योगदान सम्झेन । गोरखा दक्षिण बाहुबाट सम्मानित भएको सम्मान पत्रको समझना मात्र रहन गएको छ ।
२०६८ साल असार २३ गतेका राती साढे आठ बजेको समयमा लोडसेडिंगको मौका छोपी हतियारधारी समूहले आवाजरहित हथियारबाट राष्ट्रिय खिलाडी बैरागीलाइ गौर नगरपालिका ८ कर्मचारी मिलान केन्द्र नजिक हत्या गरेका थिए ।
तत्कालीन नेकपा माओवादी पार्टीको निशानामा रहेका बैरागी माओवादीको कारण असुरक्षित भएको भन्दै सुरक्षाको लागि सदरमुकाम गौरमा आएर बस्न आएका थिए तर हत्याराले गौरमा पनि छोडेन पीडा मृतकका श्रीमती राम कुमारी देवीको रहेको छ ।
कलिलो उमेरमा श्रीमानको साथ छुटेको पीडा असहनीय रहेको छ । दुई छोराको लालनपालन, शिक्षा दीक्षा, स्वास्थ्यउपचार समेत कसरी पूरा हुने चिन्ताले सधैंभरि पिरोलिने गरेको दुखेसो उनको रहेको छ ।
शहीद घोषणा र क्षतिपूर्तिको लागि सबै प्रक्रिया पूरा गरिएपनि खेलकूद मंत्रालयमा फाइल आएर गाएव भएको देखिएको छ । नेपाल सरकार को युवा तथा खेलकूद मन्त्रालयले चलानी नम्बर १६१३ मिति २०७२।१।९ गतेमा २०७१।११।२८ गतेको मंत्री स्तरीय निर्णयबाट शहीद घोषणा सहित उचित क्षतिपूर्ति उपलब्ध गराउनको लागि मांग भई आएकोले खेलकूद क्षेत्रमा योगदान पुर्याएकोले १० लाख क्षतिपूर्ति दिने निर्णय भएकोले सहमतिको लागि अर्थ मन्त्रालयमा पत्राचार गरेको देखिन्छ ।
युवा तथा खेलकूद मन्त्रालयको सहमति सम्वन्धी पत्रको आधारमा चलानी नम्बर २०५५ मिति २०७२।०१।२२ मा नागरिक राहत ,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि २०६६ बमोजिमको प्रक्रिया पूरा गर्न लेखी पठाउने २०७२।०१।२१ मा निर्णय भएको जानकारी खेलकूद मंत्रायलयमा पठाए पछिको प्रक्रिया ओझेलमा परेकोले पीड़ित परिवार राहतबाट बंचित भएको छ ।
तत्तकालीन एकल नेतृत्वको नेपालमा सरकार रहेको बेला भएको निर्णयको ५ वर्ष भन्दा बढ़ी विति सकेको छ ।
मुलुकमा संघीयता लागू भएपछि तीन तहको सरकार कार्य गरी रहेको अवस्थामा प्रदेश सरकार र स्थानीय सरकारले कुस्ती खिलाड़ी बैरागीको योगदानको उच्च मूल्याङ्कन गर्न सकेको छैन । स्थानीय सरकारले पनि बैरागीको परिवारको बेवास्ता गरेको छ ।
आर्थिक समस्याबाट गुजरी रहेका परिवार मा दुइबटा योग्य वारिस रहेपनि स्थानीय सरकारले रोजगारी प्रदान गर्न सकोको छैन । बेरोजगार रहेको बैरागीको छोराको स्थानीय सरकार रोजगारी दिन सके केहि हद सम्म आर्थिक समस्या समाधान हुन सकने भएकोले यस तर्फ स्थानीय सरकारका प्रमुखले ध्यान पुर्याउनु पर्ने जरुरी रहेको छ ।





## संक्षिप्त समाचार

### बेपत्ता बालिका मृत फेला

जनकपुर । धनुषामा दुई दिनदेखि बेपत्ता एक १० वर्षीया बालिका मृतावस्थामा फेला परेकी छिन् । जनकपुर उपमहानगरपालिका वडा नम्बर २१ स्थित कुर्थाकी १० वर्षीया बालिका कन्चनकुमारी शुक्रबार बिहान खेतमा मृतावस्थामा फेला परेकी हुन् । स्थानीयले बालिकाको बलात्कारपछि हत्या भएको हुन सक्ने आशंका गरेका छन् । परिवारले बालिका बेपत्ता भएसँगै खोजबिन गर्दा कतैपनि फेला नपरेपछि बिहीबार अस्थायी प्रहरी चौकी कुर्थामा उजुरी दिएका थिए । प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ ।

### सालको गोलिया काठसहित पक्राउ

रौतहट । रौतहट जिल्लाको गुजरा नगरपालिका ४ स्थित लालबकैया खोलाको किनाराबाट एपीएफ टोली र सव डिभिजन वन कार्यालयका कर्मचारीले करीव १८ क्यूफिट सालको गोलिया काठसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही जिल्लाको फतुवा बिजयपुर नगरपालिका ८ बस्ने ३९ वर्षिय गफुर मोहमद छन् । तीन वटा साईकलमा राखी ल्याउँदै गरेको अवस्थामा उक्त सालको गोलिया काठसहित निज मोहमदलाई सशस्त्र प्रहरी बल, नेपाल फरवार्ड सुरक्षा वेश जंगलसैयाबाट खटिएको एपीएफ टोली र सव डिभिजन वन कार्यालयका कर्मचारीले पक्राउ गरेको हो । पक्राउ परेका मोहमदलाई बरामाद काठ तथा उक्त साईकलसहित आवश्यक कारवाहीको लागि सव डिभिजन वन कार्यालय जंगलसैयामा बुझाएको छ ।

### सरकार दुर्घटनामा पर्दैन : मन्त्री केसी

बुटवल । प्रदेश ५ का आन्तरिक मामिला तथा कानूनमन्त्री कुलप्रसाद केसीले सरकार दुर्घटनामा नपर्ने बताएका छन् । मन्त्री केसीले अहिलेको हल्लाले पार्टी र सरकार दुवै दुर्घटनामा नपर्ने दावी गरे । रिपोर्टर्स क्लव प्रदेश ५ को दोस्रो स्थापना दिवसका अवसरमा आयोजना गरिएको स्मारिका विमोचन कार्यक्रममा बोल्दै सरकार दुर्घटना भएपछि के हुन्छ भनेर सोच्नु पर्ने बताए । अहिलेको अवस्थामा सरकार कमजोर भए लोकतन्त्र कमजोर हुने भएकाले देश, जनता र लोकतन्त्रको भविष्य सोच्नु पर्ने बताए । उनले प्राकृतिक विपत्तीसंगै अहिले राष्ट्रिय एकता आवश्यक रहेको बताए । सञ्चार क्षेत्र आर्थिक रुपले संकटमा परेको प्रदेश सरकारलाई थाहा भएको उल्लेख गर्दै पत्रकारहरुलाई न्यूनतम भोकै मोर्न नदिने मन्त्री केसीले प्रतिवद्वता जनाए ।

### साढे २२ केजी चरेशसहित दुई जना पक्राउ

रुपन्देही । बुटवल उपमहानगरपालिका-१२ हरिया टोलबाट अवैध लागूऔषध चरेश २२ दशमलव ५ केजी सहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बुटवल उपमहानगरपालिका-१२ हरियाली टोल बस्ने रुकुम (पूर्व) सिस्ने गाउँपालिका(८ घर भएका ३४ वर्षीय रतिभान दमाई र गुल्मी मदाने गाउँपालिका-७ घर भएका २९ वर्षीय मेघराज गिरी रहेका छन् । ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पारिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### खोलामा डुबेर बालिकाको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-१० बस्ने सेतु सिंहकी छोरी ७ वर्षीया कल्पना सिंहको घर नजिकैकोमोहना खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको छ । डुबेर अशक्त भएकी उनको पउमाअस्पताल अत्तरियामा उपचारको क्रममा मृत्यु भएको हो ।

### आगलागीबाट दुई लाखको धनमाल क्षति

मोरङ । सुनबर्शी नगरपालिका-५ टकुवा बस्ने बिशोक मंडलको घरमा विजुली सर्ट भई सोमबार बेलुका आगलागी हुँदा लत्ताकपडा,भाँडा बर्तन,अन्नपात,फ्रिज गरेर करिब २ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### जबरजस्ती करणी गर्ने दुई जना पक्राउ

कपिलवस्तु ।१८ वर्षीया किशोरीलाई कपिलवस्तुनगरपालिका-२ कुदानमा जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कपिलवस्तुनगरपालिका(४ महुवा बस्ने २५ वर्षीय अब्दुल कलिम र सोही ठाउँ डालपुर बस्ने ३० वर्षीय लोकनाथ यादव रहेका छन् । वडा प्रहरी कार्यालय तौलिहवाबाट खटीएको गस्ती टोलीलेकिशोरीलाई फेला पारी रोईकराइ गरेको अवस्थामा सोधपुछ गर्दा उनीहरुले जबरजस्ती करणी गरेको खुल्न आएपछि प्रहरीले दुवै जनालाई पक्राउ गरेकोहो ।

### पाँच लाखभन्दा बढीको रिचार्जकार्ड चोरी

कैलाली । गोदावरी नगरपालिका-२ महेन्द्रनगर रोडमातारा दत्त जोशीको कैनोडा ट्रेड एण्ड सप्लायर्सआईएमईसेन्टरबाट बुधबार दिउँसो ५ लाख १० हजार नगद र ९० हजार रुपैयाँ बराबरको रिचार्ज कार्ड चोरी भएको छ। चोरीमा संलग्न व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नियन्त्रित लागूऔषध सहित पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-१६ दरैयाबाट नियन्त्रित लागूऔषध डाइलेक्स डिसी १० बोतल, एसपी७२ चक्कि र नाइट्रोभेट १५ चक्की सहित सोहि महानगरपालिका(३ बस्ने ३५ वर्षीय राजु श्रेष्ठलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्र.१(०२(०४० प ५०२७ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा झोलामा लुकाइछिपाई ल्याएको उक्त लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।
यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लुकाईछिपाई राखेको बाघको छाला र हड्डीसहित मानिस पक्राउ

बाँके । राप्तीसोनारी गाउँपालिका-१ सिमलघारी बस्ने ४६ वर्षीय नवराज घर्ती मगरलाई बाघको छाला रहड्डी सहित शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कुसुम र ५ नम्बर प्रदेश ब्यूरो दाङबाट खटिएको प्रहरीले सोही ठाउँस्थित नवराजकै मकै बारीमा उक्त छाला रहड्डी लुकाई राखेको अवस्थामा फेला पारी उनलाई प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जुवातास खेलिरहेका चार जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१ तेजनगर बस्ने धर्मेस रावतको माछा पोखरी नजिक बनाएको फुसको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने २३ वर्षीय रमेश शर्मा सहित ४ जनालाई नगद १ लाख ४४ हजार २ सय ४५ रुपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरुलाई जुवातास खेलिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पोखरीमा डुबेर मृत्यु

मोरङ । जहदा गाउँपालिका-३ स्थित पोखरीमा डुबेर सोही ठाउँ बस्ने १८ वर्षीय दिनेश राजबंशी र २० वर्षीय रिक्की राजबंशीको शुक्रबार दिउँसो मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुब्दा रिक्कीको घटनास्थलमै र दिनेशको उपचारको लागि कोशी अस्पताल बिराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

# ‘मधेशी जनता नै मधेशी नेताको राजनितिक शिकार’

कमल कुमार मण्डल
राजविराज । मधेशी नेता नै मधेशीहरुको राजनीतिक शिकार रहेको जनमत पार्टीका केन्द्रीय सदस्य सुरेन्द्र मधेशीले आरोप लगाएका छन् ।
नागरिकता विधेयक विरुद्धमा शुक्रबार अयोजना गरिएको कार्यक्रममा बोल्दै उनले यस्तो आरोप लगाएका हुन् ।
विदेशी महिलासँग नेपालीले बिहे गरेमा महिलालाई ७ वर्षपछि मात्र नागरिकता दिने ल्याएको विधेयको विरोधमा जनमत पार्टी सप्तरीद्वारा राजविराजमा प्रदर्शनसहित प्रधानमन्त्रीको पुतला समेत दहन गरिएको छ ।
स्थानीय हरिनन्देश्वर शिव मन्दिरको प्रांगणबाट निकालिएको विरोध प्रदर्शनमा विभेदकारी नागरिकता विधेयक खारेज गर, अधिकार खोस्न पाईदैन, मधेशी एकता जिन्दावाद, रंगको आधारमा विभेद गर्न पाईदैन, मधेशी सहिद जिन्दावाद जस्ता नाराहरु लागाउँदै त्रिभुवन चौक हुँदै नगरलाई परिक्रमा गर्दै शहिद दर्शन चौकमा पुगी कोणसभामा परिणत भएको थियो ।
कोण सभामा बोल्दै पार्टीका नेताहरुले यो नागरिकता विधेयक नसच्याएमा हामीले कडा आन्दोलनमा उत्रिने बताए । यो नागरिकता विधेयक मधेश विरोधी रहेको दावी गरे ।
कोरोना भाइरसको समयमा मधेशी जनतालाई सडकमा उत्रिन सरकारले बाध्य गरिएको जनमत पार्टी सप्तरीका इन्चार्ज तथा वरिष्ठ नेतृत्व मण्डलका सूचना प्रमुख सुर्यदेव यादवले बताए । उनी यो नागरिकता विधेयकलाई घोर भात्सर्ना गर्दै उक्त विधेयक फिर्ता लिन आग्रह समते गरे । कोणसभा अघि पार्टीका नेता तथा कार्यकर्ताहरुले प्रधानमन्त्रीको पुतला दहन गरिएको थियो । प्रहरीले पुतला दहन गर्ने क्रममा सामान्य अवरोध पुर्याएका थिए ।
कार्यक्रमका प्रमुख अतिथि पार्टीका केन्द्रिय सदस्य तथा पार्टीको अन्तर्राष्ट्रिय समितिको उपाध्यक्ष र गैर आवासिय मधेशी संघ कतारको प्रतिनिधि सुरेन्द्र ना. यादवले हामीले विभिन्न देशहरु भ्रमण गरेपनि, कुनैपनि देशमा यस्ता विधेयक नभेटिएको बताए । यो नागरिकता विधेयक विभेदकारी रहेको भन्दै यसलाई सच्याउन माग गरे ।
जनमत पार्टी सप्तरीका संयोजक चन्देश्वर मण्डल (किसान) को अध्यक्षतामा अयोजना गरिरएको कोणसभामा अनिस अंसारी, उसमान मंसुरी, शुशिला यादव, शंकर खडगा, मनोज यादव, आलोक यादव, जुलेखा बिबि, मदनेश चौधरी, रमेश प्रसाद यादवलागायकतका पार्टीका नेता तथा कार्यक्रताहरुले नगरिकता विधेयकको विरुद्धमा आ आफनो धारणा राखेका थिए । कोणसभाका उद्घोषण तिर्थानन्द यादवले गरे भने, स्वागत मन्तव्य नारायण यादवले व्यक्त गरे ।

# डेढ महिनाभित्रै कोरोनाविरुद्धको खोप बजारमा ल्याउने भारतको तयारी

नयाँदिल्ली । भारतीय चिकित्सा अनुसन्धान परिषद् (आईसीएमआर) ले अबको डेढ महिना अर्थात् आगामी अगस्ट १५ (साउन ३१) भित्रै कोरोनोविरुद्धको खोप आम प्रयोगमा ल्याउने तयारी गरेको छ। परिषद्ले खोप परीक्षणका लागि सम्बन्धित संस्थालाई लेखेको पत्रमा सोहीअनुसार काम गर्न निर्देशन दिएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार कोरोना भाइरसविरुद्धको यो खोप आईसीएमआर र हैदराबादस्थित भारत बायोटेक कम्पनी मिलेर बनाइरहेका छन् ।

आईसीएमआरले भनेको छ- अब एकपटक क्लिनिक ट्रायल सम्पन्न भएपछि आगामी अगस्ट १५ तारिख अर्थात् भारतको स्वतन्त्रता दिवसका दिन उक्त खोप आम प्रयोगका लागि सार्वजनिक गर्न सकिनेछ ।’ खोपको क्लिनिकल ट्रायलका लागि भारतका १२ संस्था निर्धारण गरिएको छ । आईसीएमआरका निर्देशक डाक्टर बलराम भार्गवले यही जुलाई २ तारिखका दिन ती १२ संस्थालाई यही जुलाई ७ भित्र खोप परीक्षणका लागि अनुमति पत्र लिन भनिएको जानकारी दिए ।

ती संस्थालाई पठाइएको पत्रमा उनले लेखेका छन्, ‘कोरोना रोक्न आईसीएमआरमार्फत बनाइएको खोप फास्ट ट्र्याक (चाँडो) मा परीक्षण गर्न भारत बायोटेक कम्पनीसँग सम्झौता गरिएको छ। यो खोप कोरोना भाइरसको एक स्ट्रेन निकालेर बनाइएको हो ।’ क्लिनिकल ट्रायलपछि अगस्ट १५ सम्म आम प्रयोगका लागि खोप उपलब्ध गराउने गरी युद्धस्तरमा काम भइरहेको उनले जानकारी दिए । तर यस खोपको सफलता ट्रायलको जिम्मा लिएका संस्थाको सहयोगमा भर पर्ने पनि उनले बताएका छन् ।

# तिलोत्तमाका स्थानीयले गरे सडकमै रोपाइ



बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिका १३ र १४ का स्थानीय बासिन्दाहरुले पत्थरडाँडा तिनाउ सडकखण्डअर्न्तगत तीनधुरेमा रोपाइँ गरेका छन् । रोपाइँको समयमा गाइने मौलिक गित (वाली) गाएर गरिएको रोपाइँलाई सडकमा यात्रा गर्ने यात्रीहरुले निकै कौतुहल्ताका साथ हेरेका थिए । बिहान ८ बजेबाट सुरु भएको रोपाइँ सडकको तीन स्थानमा भएको थियो ।
क्रेसर र सिमेण्ट उद्योगमा चल्ने टिप्परहरुका कारण धुँवा-धुलो र ध्वनी प्रदुषणमा बाह्रै महिना बाच्न बाध्य भएका स्थानियहरुले बर्षायामको हिलोको कारण आवजावतमा समस्या परेपछि सडकमा रोपाइँ गरेर स्थानिय सरकारलाई सडक मर्मतका लागि दबाव दिएको स्थानिय अभिषेक न्यौपानेले बताए । न्यौपानेले पटक पटक आग्रह गर्दा पनि जनप्रतिनिधीहरुबाट गुनासो सुनुवाई तथा समस्या समाधानको लागि कुनै कदम नचालिएपछि रोपाइँ गर्न बाध्य भएको बताए ।
सडकबाट नगरपालिकाले बर्षेनी सडक करको नाममा लाखौं रुपैयाँ संकलन गरेपनि सडक मर्मतमा खासै चासो नदिंदा सरकार प्रति स्थानियहरु आक्रोसित बनेका छन् ।
अन्य वार्डहरुबाट भन्दा तिलोत्तमा-१३ र १४ बाट नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन्‌बाट बार्षिक करोडौं आन्तरिक आम्दानी हुने गरेता पनि भोट बैंक विकासे नीतिले समस्यामा पार्ने गरेको अर्का स्थानिय निम बहादुर क्षेत्रीले जानकारी गराए । क्षेत्रीले यस क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् गरे वापत केही प्रतिशत स्थानिय क्षेत्रको विकासको लागि लगाउने भन्ने नीति भएको सुनेको छु । उक्त नीति कता कसलाई लागेको छ थाहा छैन । शब्दकै विकास हो, या व्यावहारिकतामा पनि आएको छ भन्ने कुरा थाहा नभएको बताए ।
दिन रात उक्त सडकखण्डबाट कयौं सञ्चारकर्मीहरु हिड्ने गरेता पनि कसैले सडकको विषयमा कुरा नउठाएकोमा दु:ख व्यक्त गर्दै क्षेत्रीले सञ्चार क्षेत्रले आँखा चिम्लिएको बताए ।
तिलोत्तमाका भित्री सडकहरुमा सबैभन्दा बढी व्यस्त सडकको रुपमा चिनिने उक्त सडक तीनधुरे चोक देखि तिनाउ खोलासम्म समस्याग्रस्त छ ।
प्रदेश नं. ५ का पूर्व प्रदेश सभा सदस्य तथा नेपाली काँग्रेस संसदीय दलका नेता स्वर्गीय बलदेब शर्मा पोखरेल, प्रदेश सभा सदस्य रमा अर्याल, तिलोत्तमा १३ का वडा अध्यक्ष गणेश न्यौपानेको घर पनि सोही सडकखण्ड अर्न्तगत पर्दछ । वडा अध्यक्ष न्यौपानेको घर सम्मको सडक ठिक भएको र सडकका कारण १४ का वडा अध्यक्ष सोहन थारुलाई समेत समस्या नपर्ने हुँदा सडक मर्मतमा उदासिनता देखाएको स्थानियको आरोप छ ।
सडकमा पटक पटक दुर्घटना हुने गरेको स्मरण गर्दै स्थानियले सडककै कारण सोही क्षेत्रमा बस्ने नापी कार्यालय बुटवलका सर्भेक्षक हेमन्त पौडेल गम्भिर घाईते भएर उचारको लागि काठमाडौं लगेको सुनाए । यस विषयमा सम्पर्क गर्न खोज्दा वडा अध्यक्ष सँग सम्पर्क हुन सकेन ।

# नवलपरासीमा ब्यारेक भवन तथा कार्यालय भवन उद्घाटन

नवलपरासी (बर्दघाट सुस्ता(पूर्व), २१ असार । प्रहरी महानिरीक्षक ठाकुर प्रसाद ज्ञवालीले जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता(पूर्व) को नवनिर्मित ब्यारेक भवन तथा कार्यालय भवनको एक समारोहबीच उद्घाटन गरेका छन् ।
प्रहरी महानिरीक्षक ज्ञवालीले उक्त भवन तथा कार्यालय परिसरको निरीक्षण गर्नुको साथै भवन निर्माण कार्यमा सहयोग गर्ने व्यक्ति तथा प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्रद्वारा सम्मानसमेत गरेका हुन् । प्रहरी महानिरीक्षक ज्ञवालीले भौतिक संरचनाहरु जनमुखी, पारदर्शी तथा व्यावसायिक प्रहरी सेवा सम्पादनका लागि सहयोगी हुने चर्चा गर्दै निर्माण सम्पन्न सुविधायुक्त भवनहरुबाट प्रहरी कर्मचारी तथा सेवाग्राही नागरिकहरु प्रत्यक्षरुपमा लाभान्वित हुने विचार व्यक्त गरे । नवनिर्मित भवनहरुबाट नागरिकमैत्री प्रहरी सेवा प्रदान हुने विश्वास उनले व्यक्त गरे ।
प्रहरी महानिरीक्षक ज्ञवालीले सकारात्मक सोच, निष्पक्ष व्यवहार, आचरणयुक्त तथा प्रविधियुक्त प्रहरी कर्मचारीबाट मात्रै संगठनको उद्देश्य पुरा हुने उल्लेख गर्दै प्रत्येक प्रहरी कर्मचारीहरुले देश तथा नागरिकप्रति समर्पित भई विकृति विसंगतिविरुद्ध जनचेतना फैलाउनुपर्ने बताए । स्थानीय तह तथा नागरिकसँग हातेमालो गरी परस्पर सम्बन्ध स्थापित गर्दै शान्त तथा सु-संस्कृत समाज निर्माणको अभियानमा कटिबद्ध हुनुपर्ने आजको आवश्यकता रहेको उनले चर्चा गरे । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक घनश्याम अर्यालले समारोहमा धन्यवाद ज्ञापन गर्दै गण्डकी प्रदेशअन्तर्गत शान्तिसुरक्षाको अवस्थालाई चुस्तदुरुस्त राख्न कुनै कसर बाँकी नराख्ने बताए । कोरोना महामारीको विषम परिस्थितिबाट थप क्षति हुन नदिन सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय गरेर अगाडि बढिरहेको उनले जानकारी दिए ।
प्रहरी संगठनलाई भौतिक संरचनाहरुमा आत्मनिर्भर बनाई सरल तथा जनपेक्षित प्रहरी सेवा प्रदान गर्ने आधार स्तम्भहरु निर्माण गर्न प्रहरी संगठनको नियमित बजेट १ करोड ९१ लाख १६ हजार ८ सय ८७ रुपैयाँको लागतमा उक्त ब्यारेक भवन तथा डिएफआईडीको सहयोगमा संचालित एमआइपी प्रोजेक्ट अन्तर्गत युएनओपिएसको आर्थिक सहयोगमा उक्त कार्यालय भवन निर्माण गरिएको हो । जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता(पूर्व) का प्रमुख प्रहरी उपरीक्षक दिपक रेग्मीले स्वागत मन्तव्य व्यक्त गरेको उक्त समारोहमा युएनओपिएसका निर्देशक ईन्द्र न्यौपानेले कार्यालय भवन निर्माण सम्बन्धी प्रतिवेदन तथा प्रहरी निरीक्षक निरञ्जन कुमार सिंहले ब्यारेक भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । समारोहमा प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरे, कावासोती नगरपालिकाका प्रमुख चन्द्रा कुमारी पुन, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, विभिन्न सरकारी कार्यालयका प्रमुख, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,**
**शिक्षा दिएर असल नागरिक बनाऔं,**
**चर्पीमा मात्र दिसापिसाब गराऔं,**
**गाउँघरलाई सफा र स्वच्छ राखौं ।**

**जलेश्वरनाथ नगरपालिका**
महोत्तरी

## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

**नोवल कोरोना भाइरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## विश्व परिवेश

# भारतीय प्रधानमन्त्री मोदीद्वारा लद्दाख र लेहको भ्रमण



काठमाडौँ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लद्दाख र लेह क्षेत्रको भ्रमण गरेका छन् । गत महिना चीनसँगको सीमा विवादमा २० जना भारतीय सेनाको मृत्यु भएपछि भारत र चीनबीचको सम्बन्ध चिसिएको छ । यद्दपी दुवै देशले शान्ति र वार्ताकै माध्यमबाट सीमा विवाद हल गर्नुपर्नेमा जोड दिँदैआएको छ । भारतीय सञ्चारमाध्यमरूका अनुसार प्रधानमन्त्री मोदीले रक्षा प्रमुख विपिन रावत र प्रधान सेनापति एम एन नरवनेसँगै शुक्रबार बिहान लेह भ्रमण गरेका हुन । हिन्दूस्तान टाइम्सका अनुसार प्रधानमन्त्री मोदीले सीमाक्षेत्रमा तीनवटै सुरक्षा निकायको तयारी र सीमा विवाद सम्बन्धमा भइरहेको छलफल प्रक्रिया र विवाद समाधानका लागि भइरहेको प्रयासबारे जानकारी लिएका हुन । सुरक्षा सल्लाहकार अजित डोभालसँग बिहिबार साँझ भेटपछि प्रधानमन्त्री मोदीले लद्दाख क्षेत्रको भ्रमण गर्ने तय भएको भारतीय सञ्चारमाध्यमहरुले जनाएको छ । प्रधानमन्त्री मोदीलाई उत्तरी सैन्य कमाण्डर लेफ्टिनेन्ट जनरल वाइ के जोशी र १४ औं कोर्प्स कमाण्डर लेफ्टिनेन्ट जनरल हरिन्दर सिंहले निमुस्थित सैन्य गुल्ममा ब्रिफिङ गरेका थिए । जुन तेस्रो साता लद्दाखमा चिनियाँ सेनासँगको झड्पमा एक सैन्य अधिकारीसहित २० जना सिपाहीको मृत्यु भएको थियो । भारतीय सञ्चारमाध्यमहरुले प्रधानमन्त्री मोदीको भ्रमणलाई सेनाको आत्मबल प्रोत्साहन हुने रुपमा अर्थ्याएको छ ।

## राष्ट्रपति बनेपछि भारतसँग रणनीतिक सम्बन्ध सुदृढ बनाउँछु : बाइडेन

वासिंटन । अमेरिकी राष्ट्रपति पदका उम्मेदवार तथा पूर्वउपराष्ट्रपति जोए बाइडेनले यदी आफू निर्वाचित भएमा भारतसँगको रणनीतिक सम्बन्ध सुदृढ बनाउने काम उच्च प्राथमिकतामा पर्ने बताएका छन् । उनले भारतलाई अमेरिकाको प्राकृतिक साझेदार मुलुक भनी सम्बोधन समेत गरेका छन् । नोभेम्बरमा हुने राष्ट्रपति निर्वाचनका लागि सक्रिय रहेका बाइडेनले आफ्नो प्रशासनको उच्च प्राथमिकता भारतसँग सम्बन्ध सुदृढ बनाउने रहेको बताएका हुन् ।
डेमोक्रेट्स तर्फबाट राष्ट्रपति उम्मेदवार रहेका बाइडेन वर्तमान राष्ट्रपति डोनल्ड ट्रम्पका लागि कडा प्रतिष्पर्धीको रुपमा खडा भएको टिप्पणी हुने गरेको छ । 'भारत हाम्रो सुरक्षा र उनीहरुका लागि अमेरिकाको साझेदार रहनु आवस्यक छ,' बाइडेनले भर्चुअल फन्ड संकलनको क्रममा प्रश्नकर्ताहरुको जवाफ दिने क्रममा बुधबार यस्तो भनेका थिए । बाइडेनले भनेका छन्, 'त्यो साझेदारी, रणनीतिक साझेदारी हाम्रो सुरक्षाको लागि आवस्यक र महत्वपूर्ण छ ।' बाइडेन बाराक ओबामाको पालामा ८ वर्ष उपराष्ट्रपतिको रुपमा रहेका थिए । आफ्नो कार्यकालमा बाइडेनले अमेरिका(भारत आणविक सम्झौताको लागि भूमिका निर्वाह गर्न पाएकोमा गर्व महसुश हुने पनि बताएका छन् ।

## मोदीले चिनियाँ एपबाट हटाए आफ्नो अकाउन्ट

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चिनियाँ एपबाट आफ्नो अकाउन्ट डिलिट गरेका छन् । चीन-भारतबीच बढ्दो सीमा विवादपछि प्रधानमन्त्री मोदीले ट्वीटरजस्तै सिनो विइबो नामक चिनियाँ एपबाट आफ्नो अकाउन्ट डिलिट गरेका हुन् । प्रधानमन्त्री मोदीले सन् २०१५ मा चीन भ्रमण गर्न जाँदा सिनो विइबोमा अकाउन्ट खोलेका थिए । उनले ट्वीटर धेरै चलाए पनि सिनो विइबो भने विरलै चलाउँथे । विइबोमा उनको दुई लाख फलोअर्स छन् भने डिलिट हुनुअघि एक सय पोष्टहरू गरिएका थिए । केही दिनअघि मात्र प्रधानमन्त्री मोदीले टिकटकसहित ५९ चिनियाँ एपहरूमा प्रतिबन्ध लगाएका थिए । जुन १५मा लद्दाखको गलवान भ्यालीमा चिनियाँ र भारतीय सेनाबीच झडप भएको थियो। जसमा २० भारतीय सैनिकले ज्यान गुमाएका थिए । त्यस घटनापछि चीन भारतबीचको सम्बन्ध बिग्रिदै गएको छ ।

## भारतले ३ खर्ब ८९ करोड भारूको हतियार किन्ने

नयाँदिल्ली । भारतले ३ खर्ब ८९ अर्ब भारु बराबरको हतियार खरिद गर्ने भएको छ । भारत सरकारले हतियार खरिदको प्रस्तावलाई अनुमोदन गरेको छ । भारतको चीनसँग सिमा विवाद भई द्वन्द्व चलिरहँदा हतियार किन्ने प्रस्ताव अनुमोदन गर्नुलाई अर्थपूर्ण मानिएको छ । भारतले रुसको लडाकु जेट, मिसाइल प्रणाली र राडार खरिद गर्न लागेको हो । भारतका रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा बसेको बैठकले हतियार खरिदको प्रस्ताव अनुमोदन गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । सिंह हालैमात्र रुस भ्रमण गरी फर्किएका हुन् । उनी रुसको भिक्ट्री डेमा सहभागी भई फर्किएका हुन् ।

## भारतीय सुरक्षा सल्लाहकार अजित डोभल र चिनियाँ विदेशमन्त्रीबीच संवाद

नयाँदिल्ली । भारतको राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र चिनियाँ विदेशमन्त्री वाङ यीबीच आइतबार भिडियो कलमार्फत् संवाद भएको छ । उनीहरुबीच आइतबार संवाद भएको भारतीय समाचार एजेन्सी एएनआईले जनाएको छ । दुवै पक्षबीचको संवाद पछिल्लो भारत(चीनबीचको समस्या समाधानमा केन्द्रित भएको जनाइएको छ । स्रोतका अनुसार शान्ति स्थापना गर्न र आगामी दिनमा कुनै पनि तनाव सिर्जना हुन नदिन दुवै पक्ष सहमत भएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ३ जुलाईमा लेह पुगेर चीनलाई विस्तारवादको रणनीति अहिलेको समयमा लागु नहुने भन्दै चेतावनी दिएको तीन दिनपछि दुवै पक्षबीच संवाद भएको हो । यसअघि भारत र चीनबीच १५ जुनको राति लद्दाखको गलवान भ्यालीमा हिंसात्मक झडप भएको थियो । उक्त झडपपछि भारत(चीन सम्बन्धमा थप तनावको स्थिति उत्पन्न भएको थियो । उक्त तनावलाई साम्य पार्नका लागि दुवै पक्षबीच विभिन्न चरणमा विभिन्न तहमा वार्ताहरु भइरहेका छन् ।

## केरलामा कोभिड-१९ सुरक्षा निर्देशिका जारी

नयाँदिल्ली । दक्षिण भारतीय राज्य केरलाले कोरोना भाइरसको संक्रमणको जोखिम न्यून गर्न आगामी एक वर्षका लागि कोभिड-१९ सुरक्षा निर्देशिका जारी गरेको छ । जसअनुसार एक वर्षसम्म सार्वजनिक स्थलमा मास्क र सामाजिक दूरी अनिवार्य गरिएको छ । सार्वजनिकस्थलमा मास्क नलगाउनेलाई १० हजार भारतीय रुपैयाँ जरिवाना तोकिएको छ । त्यसैगरी वैवाहिक कार्यक्रममा बढीमा ५० जना र मलामीमा २० जनाभन्दा बढी भेला नहुने नियम बनाइएको छ । साथै प्रशासनको अनुमतिबिना धर्ना, जुलुस वा भेला निषेध गरिएको छ । त्यस्ता कार्यक्रममा दश जनाभन्दा बढी जम्मा हनु पाइने छैन । कुनै पनि पसलमा एक पटकमा बीस जनाभन्दा बढी ग्राहकलाई निषेध गरिएको छ । त्यसैगरी सार्वजनिक स्थलमा थुक्न पूर्णरुपमा निषेध गरिएको छ । भारतमा कोरोना संक्रमणको पहिलो केस केरलामै गत ३० जनवरीमा पहिचान देखिएको थियो । कोरोना महामारी रोकथामका काम प्रभावकारी भएका कारण त्यहाँ हालसम्म पाँच हजार दुई सय जनामा मात्र संक्रमण पुष्टि भएको छ । जसमध्ये तीन हजारभन्दा बढी निको भइसकेका छन् ।

## असहाय भएका बालकको भारतीय सेनाद्वारा उद्धार

काठमाडौं । पाकिस्तानी आतंककारीले जम्मु काश्मीरको सोपोरमा एक वृद्धलाई गोली हानेर हत्या गरे पछि असहाय बनेका बालकको भारतीय सेनाले उद्धार गरेको छ । सोपोरमा एक वृद्ध र बालक गाडीमा गइरहेका बेला आतंककारीको आक्रमणमा परी वृद्ध मारिएका थिए । वृद्ध मारिएसँगै बालक बुबाको छातीमा बसेको दर्दनाक तस्बिर सार्वजनिक भएको थियो । उक्त बालकलाई भारतीय सेनाले उद्धार गरेको हो । भारतीय सेनाले फेरि एकपटक आफ्नो बहादुरका साथै मानवीय भावनाको उच्च कदर गरेको यो पछिल्लो उदाहरण हो । भारतीय सुरक्षा बलको यो मानव अधिकारको रक्षा गर्ने विषयमा अग्रपंक्तिमा छ भन्ने यो अर्को पुष्टि गर्ने आधार हो । बर्बर आतंकवादी हमलामा बुबा गुमाएका अवोध बालकलाई भारतीय सुरक्षाकर्मीले उच्चकोटीको मानवीय संवेदनाको सम्मान प्रकट गरेका छन् ।

## जिल्ला समाचार

### विदेह नगरपालिकामा दुई वडाबीच झडप

जनकपुरधाम । धनुषाको विदेह नगरपालिकाका दुई वडाका बासिन्दाबीच झडप भएको छ । बर्थिङ्ग सेन्टर निर्माणको विषयमा विवाद भएपछि झडपको अवस्था सिर्जना भएको हो । विदेह नगरपालिकाको वडा नं. २ र ३ का स्थानीयबीच झडप भएको हो । वडा नम्बर २ मा बर्थिङ सेन्टर निर्माणको काम सुरु भएको छ । यता, वडा नम्बर ३ का बासिन्दाले आफ्नो वडामा बर्थिङ सेन्टर निर्माण हुनुपर्ने बताउँदै आएका छन् । झडपलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउण्ड हवाई फायर समेत गरेको छ । दुवै पक्षबीच भएको विवादले उग्ररुप लिएपछि अश्रु ग्यास र हवाई फायर गरेर भिडमा नियन्त्रणमा लिन बाध्य भएको प्रहरीले जनाएको छ । दुवै वडाबीच भएको झडपमा आधा दर्जन व्यक्ति घाइते भएका छन् । झडपका क्रममा एक जनाको कान नै काटिएको प्रहरीले जनाएको छ ।

### स्वास्थ्य सामग्री हस्तानान्तरण

राकेश यादव, रौतहट । ग्रामीण विकास केन्द्र रौतहटले जिल्लाको विभिन्न पालिकाहरुमा सञ्चालन रहेका क्वारेन्टाइनहरुमा स्वास्थ्य सामग्री हस्तानान्तरण गरेका छन् । रौतहट जिल्लाको १६ वटा नगरपालिका र २ वटा गाँउपालिकाहरु मध्ये ४ वटा नगरपालिकाहरु राजपुर, परोहा, ईशनाथ र देवाही गोनाही नगरपालिकामा प्रवासीहरुका लागि कोभिड-१९ को प्रतिकार्यमा सरकारी क्षमता अभिबृद्धि परियोजनाले काम गरिरहेको छ । कतार च्यारिटी, इस्लामिक रिलिफ, स्टार्ट फण्डको सहयोगमा ग्रामिण विकास केन्द्र, लौकहा, रौतहट मार्फत संचालन भैरहेकोमा चार वटै नगरपालिकाहरुमा संचालन भैरहेको क्वारेन्टाइन सेन्टरहरुमध्ये २० वटामा अस्थायी चर्पी र नुहाउने स्थान निर्माण गर्ने, २० वटा खुट्टाले प्रयोग गर्न मिल्ने हाथ धुने स्टेशन जडान गर्ने, क्वारेनटाईन सेन्टरहरुमा बस्ने व्यक्तिहरुको लागि हाइजीन कीट, डिगनिटी किट, पिपिई तथा अन्य सरसफाई सामाग्रीहरु वितरण गर्ने कृयाकलाप संचालन भैरहेको सस्थाका अध्यक्ष पारस हुसैनले बताएका छन् । आयोजक संस्थाले अहिलेसम्म ५५६ जनालाई हाइजीन कीट, ३५ जनालाई डिगनिटी किट,२५ वटा पिपिई, ९ वटा क्वारेनटाईन सेन्टरहरुमा वाल्टीन, मग, लाइजोल, पियुष आदि अन्य सरसफाई सामाग्रीहरु वितरण गरेको अध्यक्ष हुसैनले जनाएको छ । १८ स्थानमा चर्पि निर्माणको कार्य भैरहेको र सम्पन्न हुने अवस्थामा रहेको तथा १५ स्थानमा खुट्टाले प्रयोग गर्न मिल्ने हाथ धुने स्टेशन जडान कार्य सम्पन्न भइसकेको र बाँकी ५ स्थानमा जडान हुने अवस्थामा रहेको सस्थाले जनाएको छ ।

### पर्सामा चार आकाशेपुल निर्माण गरिने

वीरगञ्ज । व्यापारिक मार्गमा हुने ढुवानी तथा सवारी चापको समस्यालाई ध्यानमा राखी वीरगञ्ज-पथलैया व्यापारिक मार्ग विस्तार आयोजनाले चार वटा आकाशेपुल निर्माण गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०७७/०७८ मा निर्माण शुरु गरिने ती चार आकाशेपुलमा करिब रु २० करोड खर्च हुने अनुमान गरिएको आयोजना प्रमुख सञ्जयकुमार मिश्रले बताए । आकाशेपुल निर्माणको अध्ययन प्रतिवेदनअनुसार पथलैया, परवानीपुर, गण्डकदेखि अलौँको एकीकृत जाँच चौकी (आइसिपी) सम्म करिब २८ किलोमिटर लम्बाइको व्यापारिक मार्गमा पहिलो चरणअन्तर्गत सिमरा विमानस्थलमा एउटा, जितपुर बजार क्षेत्रमा दुई वटा र परवानीपुरमा एउटा गरी चार वटा आकाशेपुल निर्माण गरिने प्रमुख मिश्रले बताए । सो सडकखण्डमा थप १० वटा आकाशेपुल निर्माण गरिने प्रस्ताव गरिएको छ । प्रस्तावित आकाशेपुल परवानीपुर, सुक्खा बन्दरगाह क्षेत्र, पावर हाउस चोक तथा घण्टाघरलगायतको ठाउँमा निर्माण गरिने योजना छ । कोरोना सङ्क्रमण नियन्त्रणका लागि सरकारले जारी गरेको लकडाउनका कारण आकाशेपुल निर्माणको प्रक्रियामा ढिलाइ भएको भए पनि आउँदो वर्षको असोजसम्ममा पुलको ठेक्का लगाउने योजना रहेको जनाइएको छ ।

### विद्यालयमा वाटर फिल्टरसहितको खानेपानी ट्यांकी

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा रहेका सबै सामुदायिक विद्यालयहरुमा वाटर फिल्टरसहितको खानेपानी ट्यांकी जडान गरिएको छ । जस अनुसार महानगरपालिकामा रहेका ५५ वटा सामुदायिक विद्यालयहरुमा मंगलबार वाटर फिल्टरसहितको खानेपानी ट्यांकी जडान गरिएको छ । विद्यालयहरुमा वाटर फिल्टर जडान गर्ने कार्यको मंगलबार महानगर प्रमुख विजय कुमार सरावगीले उद्घाटन गरेका छन् । अहिले ५५ वटा विद्यालयहरुमा वाटर फिल्टरसहितको खानेपानी ट्यांकी जडान गरि आजदेखि सञ्चालनमा समेत ल्याइएको सरावगीले बताए । उनले विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई शुद्ध स्वच्छ खानेपानी मिलोस् भन्ने उदेश्यले महानरपालिकाले वाटर फिल्टरसहितको अत्याधुनिक खानेपानी ट्यांकी जडान गरि सञ्चालनमा ल्याइएको जानकारी दिए । अहिले ५५ वटा विद्यालयमा खानेपानी ट्यांकी जडान गरिएको तथा बाँकी रहेका विद्यालयमा पनि दुई महिना भित्रै खानेपानी ट्यांकी जडान गरि सक्ने सरावगीले बताए ।

## भारतको नक्साले समस्या चर्कायो : भट्टराई

काठमाडौं । जसपाको शीर्ष नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले भारतीय पक्षकै कारण कालापानी विषय चर्केको बताएका छन् । उनले गतवर्ष नोभेम्बरमा भारतले कालापानी क्षेत्रसमेत समेटेर नयाँ नक्सा जारी गरेपछि कालापानी विषय चर्किएको बताएका छन् । 'त्यसपछि गत मे ८ मा भारतका रक्षामन्त्रीको चीनसम्म जोड्ने सडक कालापानी लिपुलेक हुँदै सडक उद्घाटन गर्ने कदमले आगोमा घिऊ थप्यो,' नेता भट्टराईले भारतीय सञ्चारमाध्यम टाइम्स अफ इण्डियासँगको कुराकानीमा भनेका छन्, 'सो कदमले नेपाली पक्षलाई स्वभाविकरुपमा झस्कायो र देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको बचाऊ गर्दै नयाँ नक्सा जारी गर्नुपर्ने अवस्था आएको हो ।' भट्टराईले सन् १९६२ को भारत-चीन युद्ध भएदेखि कालापानी क्षेत्रमा भारतीय सुरक्षाफौज रहँदै आएको भए पनि सो भूमि नेपालकै भएको बताए ।
'कालापानी क्षेत्रमा भारतीय सेनालाई राखिए पनि त्यसबारे दुई देशबीच कुनै औपचारिक सहमति भएको छैन। यो विषय द्विपक्षीय वार्ताबाटै सुल्झाउनु पर्छ,' उनले भनेका छन् । उनले सन् १८१६ को सुगौली सन्धि र १८६० को सन्धिले नेपाल भारतबीचको सीमांकन गरेको र त्यसले काली नदीदेखि पूर्वको क्षेत्र नेपाल भनेको स्मरण गराएका छन् । त्यसअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालमै पर्ने उनले प्रष्ट्याएका छन् । 'तत्कालीन बेलायती सरकार र नेपाली अधिकारीले हस्ताक्षर गरेका बिभिन्न ऐतिहासिक दस्तावेजले यी तथ्यहरुलाई पुष्टि गरेका छन्,' उनले सो भारतीय पत्रिकालाई भनेका छन् ।

## ओली संकटमा परेसँगै चिनियाँ जासुसको सक्रियता

काठमाडौं । नेपालमा पछिल्लो समय सत्तारुढ दलभित्रको राजनीतिक संकटका कारण प्रधानमन्त्री केपी शर्मा ओलीलाई सघाउनका लागि चीन र पाकिस्तानी गुप्तचरहरु सक्रिय भएका छन् । भारतीय सुरक्षा स्रोतका अनुसार नेपालमा कोरोनाविरुद्धको लडाइँमा स्वास्थ्यकर्मीको रुपमा चीनले जासुसीको संख्या बढाउनुका साथै उनीहरुको सक्रियतासमेत बढेको बताइएको छ ।
चिनियाँ गुप्तचर संस्था 'मिलिटरी अफ स्टेट सेक्युरिटी' को उपस्थिति नेपालमा बढाइएको छ । चीनको विदेशी जासुसी गर्ने गुप्तचर प्रहरी संगठन एमएसएस हो ।
त्यसैगरी नेपाल-भारत सीमा विवादमा पाकिस्तानले आफ्नो फाइदा लिने प्रयास गरिरहेको छ । पाकिस्तानी प्रतिनिधिहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्ने प्रयास गरिरहेका छन् ।
भारतविरुद्ध प्रयोग हुनसक्ने नेताहरुसँगको भेट पछिल्लो समय पाकिस्तानीहरुले पनि बढाएको बताइएको छ । पाकिस्तानी प्रधानमन्त्री इमरान खानले परराष्ट्र मन्त्रालयमा औपचारिक पत्र पठाएको छ र उक्त पत्रमार्फत प्रधानमन्त्री ओलीसँग संवादका लागि प्रस्ताव गरेको बताइएको छ ।
यससँगै पाकिस्तानी आईएसआईको संख्यामा पनि बढाइएको जनाइएको छ । ग्रेटर नेपालका अभियन्ता फडिन्द्र नेपालले पाकिस्तान र चिनियाँ दूतावासमा भेट गरेको खुलासा भएको छ । चीनले आफ्नो छिमेकीहरुलाई उचालेर भारतविरुद्ध प्रयोग गर्ने रणनीति लिएको छ ।
चीन र पाकिस्तानले नेपाललाई भारतविरुद्ध प्रयोग गरेर अर्को मोर्चा बनाउने तयारी गरेका छन् ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समय सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरीतका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोही कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुने अनुरोध छ । यदि यस्तो भएको पाइएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अन्तर्राष्ट्रिय परिदृश्यमा बेइजिङको स्थिती कमजोर बन्दै

काठमाडौं। पूर्वी लद्दाखमा चीन र भारतबीच झडप भएपछि यसको अन्तराष्ट्रिय स्तरमा समेत प्रभाव बढेको छ। खासगरी भारतलाई अमेरिका यूरोपका देशहरु अष्ट्रेलिया जापानले साथ दिएपछि चीन अन्तर्राष्ट्रियस्तरमा घेरावन्दीमा परेको झै देखिएको छ। विश्वका धेरै जसो मूलुकहरुले चीनप्रतिको दृष्टिमा परिवर्तन गरेका छन्। भारतको पक्षमा धेरै मूलुकहरुले विभिन्न सहयोगि कदम चालेका छन्।

फ्रान्सले भारतलाई सैन्य सहयोग गर्ने घोषणा गरेको छ। फ्रान्स पहिलो देश बनेको छ, जस्ले भारतलाई सैन्य सहयोग गर्नका लागि अफर गरेको हो। त्यस्तै संयुक्त राष्ट्र सुरक्षा परिष्दमा कराची आक्रमण घटनाको विषयमा अमेरिका र जर्मनीले चीनको कदमलाई भीटो प्रयोग गर्दै रोकेको छ। सन् २०१४ मा पाकिस्तानको कराचीमा १० आक्रमणकारीहरुले आत्मघाती आक्रमण गरेका थिए। पाकिस्तानले सो घटनाको आरोप भारतलाई लगाएको थियो।

त्यस्तै पहिलो पटक भारतले संयुक्त राष्ट्र मानवधिकार परिषदमा 'एक चीन नीति'को अस्विकार गरेको छ। हङकङमाथि लागु गरेको राष्ट्रिय सुरक्षा कानुनलाई उदृत गर्दै भारतले एक चीन नीतिको मान्यता अस्विकार गरेको हो। हङकङ र चीन दुईटा राज्य छन् भन्ने भन्ने धारणाको विपरित एक चीन नीति भनेको चीनको नाममा एकमात्रै सार्वभौम राष्ट्र छ भन्ने हो।

त्यस्तै चिनियाँ जासुसहरुका विरुद्ध राष्ट्रिय सुरक्षालाई प्राथमितामा राखि भारतले टिकटकमा प्रतिबन्ध लगाएको घटनाको अमेरिकाले प्रशंसा गरेको छ। त्यस्तै बेलायतले हङकङका झण्डै ३० लाख मानिसहरुलाई ५ वर्षसम्म बेलायतमा बस्न सक्ने अफर गरेको छ। त्यसपछि उनीहरुलाई नागरिकता दिइने बताएको छ। अमेरिकाले विश्वकै ठूलो मोबाइल एवं टेक कम्पनी हुवावे माथि प्रतिबन्ध लगाएको छ।

यसबीचमा पशिचमी विश्लेषकहरुले के सम्म भनेका छन् भने, 'भारतले दशकौंपछि चीनविरुद्ध आफ्नो किक हान्न सक्ने सार्मथ्य गरेको छ, जुन प्रशंसनीय छ।' यो भन्दा पनि रोचक विषय के छ भने भारतले तत्कालै रसियासँग किनेको एस ४०० मिसाइलकाविरुद्ध चीनले गरेको गुनासोलाई रसियाले टेरेको छैन्। रसियाले एकवर्षभित्रै एस ४०० मिसाइल सिस्टम भारतमा पुर्‍याउने भएको छ। २०२० को जुनमा भएको यो एक उल्लेखनीय काम हो। चीनसँग सहकार्य गरिरहेको पाकिस्तानलाई युरोपेली आयोगले ६ महिनाका लागि उडान प्रतिबन्ध गरेको छ। यसरी पछिल्ला घटनाक्रमहरुलाई नियाल्ने हो भने चीनले आफ्नो स्थितिलाई सुधार्न निकै नै कसरत गर्नुपर्ने देखिन्छ।

# नेकपालाई फुट्नबाट जोगाउन चिनियाँ राजदूतको सक्रियता बढ्यो

काठमाडौं। नेपालको आन्तरिक राजनीतिमा चीनले सक्रियता बढाएको छ। नेपाल कम्युनिस्ट पार्टीभित्र विवाद चुलिएर फुटको सम्भावना बढेपछि चिनियाँ राजदुत हाउ यान्छीले सक्रियता बढाएकी छिन्। उनी नेकपाका शीर्ष नेताहरुको निवास पुगेर भेट्न थालेकी छिन्। यान्छीले आइतबार नेकपा वरिष्ठ नेता माधवकुमार नेपालसँग भेटेकी छिन्।

यान्छीले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत भेटिसकेको बुझिएको छ। ओलीसँगको भेटपछि यान्छीले ओलीविरोधी नेताहरुलाई भेट्न थालेकी हुन्। आइताबार नेपालसँग भेटवार्ता गरेकी उनले नेकपा अध्यक्ष प्रचण्डसँग भेट्ने तय भएको छ। नेपालसँगको भेटमा पछिल्लो राजनीतिक घटनाक्रमबारे गम्भीर छलफल भएको छ। नेपालनिकट स्रोतका अनुसार यान्छीले सहमति गरेर जान भनेकी छिन्।

यसअघि यान्छीले ओलीको सत्ता डगमगाउँदा यस्तै भेट गरेकी थिइन्। उनले प्रचण्डसँग भेटेको खुलासा भएको थियो। यान्छीकै सक्रियतामा ओली सरकार जोगिएको विषय चर्चामा आएको थियो। यसपटक पनि उनको सक्रियतालाई नेकपालाई फुटबाट जोगाउने प्रयासका रुपमा लिइएको छ। पछिल्लो समय चीनको एकमात्र पार्टी चिनियाँ कम्युनिस्ट पार्टीसँग नेकपाको मित्रता निकै बढेको छ। दुवै पार्टीबीच संयुक्त प्रशिक्षण समेत हुनेगरेको छ।

'भारतले सरकार ढाल्यो भन्ने अनि चिनियाँ राजदूत भेट्ने?'

काठमाडौं। सत्तारुढ नेकपा भित्र देखिएको विवाद बढ्दै जाँदा उत्तरी छिमेकी चीनकी राजदूत होउ यान्छी सक्रिय भएकी छन्। राजदूत यान्छीले नेकपाको विवादमा जोडिएका तीन नेतामध्ये एक माधवकुमार नेपाललाई उनकै निवास कोटेश्वर पुगेर आइतवार राति भेटेकी छन्। भेटका क्रममा दुई देशबीचको सम्बन्ध मजबुत बनाउनेसहितका विषयमा कुरा भएको नेता नेपालको सचिवालयले जनाएको छ।

तर नेकपाको पछिल्लो विवादका प्रमुख पात्रमध्ये एक नेपालसँगको यान्छीको भेटलाई अर्थपूर्ण मानिएको छ। यसबारेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले रिमोट कन्ट्रोलबाट चल्ने गणतन्त्रले नेपालको हित नगर्ने टिप्पणी गरेका छन्। उनले भारतीय राजदूत सरकार ढाल्न सक्रिय भएको आरोप लगाउने नेकपा नेतृत्व र सरकारले त्यही सरकार बचाउन चिनियाँ राजदूतको सहारमा मागेको भन्दै कटाक्ष गरेका छन्। 'प्रधानमन्त्री ओली भन्नुहुन्छ, सरकार गिराउन भारतीय राजदूत सक्रिय भए। अर्कोतर्फ चिनियाँ राजदूत सरकार बचाउन नेताहरुको घर पुग्छिन्। के यस्तै रिमोट कन्ट्रोलबाट चल्ने लोकतान्त्रिक गणतन्त्रले नेपालको हित गर्छ? राष्ट्रियता जोगाउन सक्छ?', उनले प्रश्न गरेका छन्, 'स्वाभिमान र निर्णायकत्व गुमाएको व्यवस्थाले देश बचाउन र बनाउन सक्दैन।'

# भारतद्वारा मुगुको प्रशासनिक तथा शैक्षिक भवन निर्माण

काठमाडौ। भारत सरकारले मुगु जिल्लाको रातापानीमा अवस्थित श्री महादेव मस्त चतुर्देव क्याम्पसको प्रशासनिक तथा शैक्षिक भवन निर्माण गरेको छ। नेपाल-भारत मैत्री विकास सहकार्य कार्यक्रमअन्तर्गत ने.रु ३५.११ मिलियन लागतमा निर्माण गरिएको क्याम्पसको प्रशासनिक तथा शैक्षिक भवनको औपचारिक उद्घाटन गाउँ विकास परिषद्, विद्यालय व्यवस्थापन समिति रकाठमाडौंस्थित भारतीय राजदूतावासका प्रतिनिधिहरुद्वारा बुधबार भिडियो कन्फरेन्समार्फत गरिएको छ।

सन् २००७ मा स्थापना भएको यस क्याम्पस समुदायको स्वामित्वको शैक्षिक संस्थान हो। विश्वविद्यालय अनुदान आयोग (युजिसी) बाट स्वीकृति प्राप्त सो क्याम्पस त्रिभुवन विश्वविद्यालयसँग आबद्ध रहेको छ। क्याम्पसले चार वर्षे स्नातक तहको पठनपाठन सञ्चालन गरेको छ। हुम्ला र बाजुरा लगायत २४ भन्दा बढी गाविसका विद्यार्थीहरु अध्ययनरत यस क्याम्पसमा योग्य विद्यार्थीहरुका लागि विविध छात्रवृत्तिको व्यवस्था पनि रहेको छ। नयाँ प्रशासकीय तथा शैक्षिक भवन निर्माणको कार्यान्वयन जिल्ला समन्वय समितिले गरेको हो। यस नवनिर्मित संरचनाले विद्यार्थीहरुको सिकाई वातावरणलाई अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। शिक्षाको क्षेत्रमा पूर्वाधार विस्तार गर्ने नेपाल सरकारको प्रयासलाई पुरा गर्ने सहयोगीको रुपमा रहेको यस परियोजनासँग जोडिन पाएकोमा भारत सरकारले खुशी व्यक्त गरेको दूतावासले जनाएको छ।

# भारतले ईलाममा निर्माण गरेको गुरुकुल संस्कृत विद्यालय भिडियो कन्फरेन्सबाट उद्घाटन

काठमाडौं। भारत सरकारको आर्थिक सहयोगमा इलाममा निर्माण भएको श्री सप्तमाई गुरुकुल संस्कृत विद्यालयको भिडियो कन्फरेन्समार्फत् उद्घाटन गरिएको छ। नेपाल-भारत मैत्री विकास सहकार्य कार्यत्रम अन्तर्गत ने.रु ३१.१३ मिलियन लागतमा निर्माण गरिएको ईलाम जिल्लाको बरबोटे गाउँ विकास समितिमा अवस्थित श्री सप्तमाई गुरुकुल संस्कृत विद्यालयको औपचारिक उद्घाटन बरबोटे गाउँ विकास समिति, विद्यालय व्यवस्थापन समिति र भारतीय राजदूतावासका प्रतिनिधिहरुले भिडियो कन्फरेन्स मार्फत गरेका छन्। सन् २००९ मा प्राथमिक विद्यालयको रुपमा स्थापित यस विद्यालय सन् २०१५ मा माध्यमिक तहमा स्तरोन्नति भएको थियो। विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई वैदिक तथा आधुनिक शिक्षा संस्कृत भाषामा पनि अध्यापन गराइनु विद्यालयको नवीनतम पक्ष हो। ईलामसँग जोडिएका अन्य जिल्लाहरुबाट आएका विद्यार्थीहरुका लागि विद्यालयले आवासीय सुविधा प्रदान गर्दछ। भारत सरकारको आर्थिक सहयोगमा निर्मित यस चारतल्ले भवनमा विद्यालय तथा छात्रावास ब्लक रहेका छन् जसमा दशवटा कक्षाकोठा, आवासीय विद्यार्थीका लागि नौवटा शयन कक्ष, चारवटा अध्ययन कक्ष, वार्डेन कार्यालय, एउटा बैठक कक्ष, एउटा साझा हल, तीनवटा भण्डारण कक्ष र प्रत्येक तल्लामा छात्र र छात्राका लागि छुट्टै सरसफाईका सुविधाहरु रहेका छन्। जिल्ला समन्वय समिति ईलामले यस परियोजनाको कार्यान्वयन गरेको हो। यस नवनिर्मित संरचनाले विद्यार्थीहरुको सिकाई वातावरणलाई अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। शिक्षाको क्षेत्रमा पूर्वाधार विस्तार गर्ने नेपाल सरकारको प्रयासलाई पुरा गर्ने सहयोगीको रुपमा रहेको यस परियोजनासँग भारत सरकार र जनताको तर्फबाट जोडिन पाएकोमा भारतीय दूतावासले खुशी व्यक्त गरेको छ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंकद्वारा गण्डकी प्रदेशलाई आर्थिक सहयोग

काठमाडौं। ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि गण्डकी प्रदेश सरकारलाई रु. १० लाख सहयोग गरेको छ। बिहीबार एक कार्यक्रमका बीच बैंकको गण्डकी प्रादेशिक कार्यालय प्रमुख महेश सिलवालले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङलाई उक्त रकमको चेक हस्तान्तरण गरेका छन्। उक्त कार्यक्रममा बोल्दै मुख्यमन्त्री गुरुङले कोराना रोकथाम तथा नियन्त्रणका लागि सहयोग प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिए। कोभिड-१९ ले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाईरस विरुद्ध लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ। बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोग लाई निरन्तरता दिँदै जाने बैंकले जनाएको छ।

### सुदूरपश्चिम प्रदेशलाई २० लाख सहयोग

धनगढी। ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि सुदुरपश्चिम प्रदेश सरकारलाई नगद रु. २० लाख सहयोग गरेको छ। एक कार्यक्रमका बीच बैंकको सुदूरपश्चिम प्रादेशिक कार्यालय प्रमुख मुकुन्द प्रसाद भट्टले सुदुरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री त्रिलोचन भट्टलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन्। उक्त कार्यक्रममा बोल्दै माननीय मुख्यमन्त्री भट्टले कोराना रोकथामका लागि निजी क्षेत्रबाट सबैभन्दा ठूलो सहयोग प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिए। कोभिड-१९ ले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाईरस विरुद्ध लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ। बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोग लाई निरन्तरता दिँदै जानेछ। उक्त कार्यक्रममा सुदुरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री कृष्ण राज सुवेदी , उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री माया भट्ट, भुमि व्यवस्थापन कृषि तथा सहकारी मन्त्री विनिता चौधरी लगायत अन्य प्रदेश सांसदको उल्लेखीय उपस्थिति थियो।

### प्रदेश २ लाई दस लाख सहयोग

जनकपुरधाम। कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचारका लागि प्रदेश २ सरकारले स्थापना गरेको राहत कोषमा ग्लोबल आइएमई बैंकले दस लाख सहयोग गरेको छ। ग्लोबल आइएमईका प्रतिनिधिहरुले बुधबार मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई दश लाख बराबरको चेक हस्तान्तरण गरेका हुन्। प्रदेश राहत कोषमा प्रदेशमा शाखा सञ्चालन गर्दै आएका प्रायः बैंकले सहयोग गरेका छन् भने केही सामाजिक संस्था र उद्योगपतिले समेत सहयोग गरेका छन्। प्रदेश सरकारले राहत कोषको रकम प्रदेशमा महामारी नियन्त्रणका लागि खर्च गर्दै आएको छ।

# दिल्लीमा अलपत्र ६ नेपाली महिलाको उद्धार

काठमाडौं। चार महिनादेखि भारतको दिल्लीमा अलपत्र रहेका ६ जना नेपाली महिलाहरुको उद्धार गरिएको छ। शान्ति पुनर्स्थापना गृहले भारतको दिल्लीमा रहेको देशभक्त आवास सामाजिक संस्था र नेपाल प्रहरीको सहयोगमा ती महिलाको उद्दार गरिएको हो। उद्दार गरिनेमा मोरङका क्रमश ४०, ४०, ३२ र २७ वर्षीय महिला गरी ४ जना, झापा र पर्वत जिल्लाका २६ र ४१ वर्षीय एक/एकजना गरी ६ जना नेपाली महिलाहरुको भारतबाट उद्धार गरिएको हो। २०७६ साल फाल्गुन २९ गते कुवेत र इरान पठाउने बहानामा नेपालगन्ज भन्सार नाका हुदै भारतको दिल्ली कुरारी जोरदा भन्ने स्थानमा लगेर दलालहरूले यातना दिँदै ती महिलाहरूलाई राख्दै आएको खुलेको छ। त्यहाँका स्थानीयले संकास्पद रूपमा महिलालाई देख्दा शान्ति पुनर्स्थापना गृहका क्षेत्रीय संयोजक भूमिराज भट्टराईलाई सम्पर्क गरेर जानकारी गराएका थिए।

# चीनसँगको सम्बन्ध पाकिस्तानलाई महंगो पर्दै

इस्लामावाद। विश्व राजनीतिमा आएको उतारचढावका बीच पाकिस्तानलाई चीनसँगको नीति पुनरावलोकनको लागि दबाब परेको छ। पूर्वी लद्दाखमा चीन र भारतबीचको संघर्षका कारण चीन-पाकिस्तान नीतिमाथि हेरफेर गर्न पाकिस्तान सरकारभित्रै दबाब बढेको हो। गोप्य रुपमा बाहिरिएको सूचना अनुसार, पाकिस्तानको विदेश मन्त्रालयले प्रधानमन्त्री इमरान खानलाई चीनसँगको सम्बन्धमा फेरबदल गर्न भनेको छ। नत्र पाकिस्तान विश्वसमुदायबाट एक्लिने र भयानक स्थितीमा पुग्न सक्ने खतरामा रहेको जनाइएको छ। पाकिस्तानले विश्वशक्तिहरुको क्रोधको सामना गर्नुपर्नेछ। जुन पाकिस्तानका लागि निकै महँगो सावित हुनसक्छ। कोभिड-१९ को महामारीका बेला चीन र भारतका सेनाबीच भएको झडप पछि अमेरिका नेतृत्वको विश्व विश्वसमुदाय चीनलाई अलग्याउने तयारीमा लागेको छ। पाकिस्तानले पनि सोहि नतिजा भोग्नुपर्ने खतरा रहेको उसको विदेश मन्त्रालय स्रोतले जनाएको हो। पाकिस्तानले चीनलाई कतिसम्म आँखा चिम्लेर समर्थन गरिरहेको छ भन्ने कुराको संकेत युरोपेली आयोग (ईयु) को निर्णयले गरेको छ। युरोपेली आयोगले ६ महिनासम्म युरोपका कुनै पनि देशमा उडान गर्न नपाउने गरि पाकिस्तानी एयरलाइन्समाथि प्रतिबन्ध लगाएको छ। पाकिस्तानले सक्नेजति बिन्ति बिसाए पनि ईयुले पाकिस्तानको कुरा अस्विकार गरेको छ। भारतसँगको तनावपछि युरोपेली राष्ट्रहरुले चीनलाई कुटनीतिक रुपमा अलग्याउन थालेका छन्। यसबीच चीनसँगको सम्बन्धका कारण पाकिस्तानी अधिकारीहरु इस्लामावादमा जनमतको क्षति व्यहोर्न पर्न सक्नेप्रति सचेत छन्। पहिले नै पाकिस्तानी नागरिकहरु चीनप्रति रोष प्रकट गर्छन। विशेष गरी चीनसँगको सिमाना क्षेत्रमा रहेका गिलगित-बल्टिस्तानका मानिसहरु चीनको दमन सहेर बसेका छन्। चीन र पाकिस्तानको आर्थिक करिडोरका रुपमा रहेको सो क्षेत्रमा पाकिस्तानी स्रोतहरुमाथि चीनले शोषण गरिआएको स्थानियहरुको बुझाई छ। यसबाहेक सो क्षेत्रमा चिनियाँ कामदाहरुले सस्तो पैंसामै काम गरिदिने हुँदा स्थानीयहरुले रोजगारी एवं मजदुरीको अवसर समेत गुमाएका छन्। चीनले आफ्ना समानहरुको बजारीकरण गर्दा त्यहाँका स्थानीय स्रोत साधनहरु कामविहीन बनेका छन्।

# प्रधानमन्त्रीको आरोपमा पन्छियो भारत

नयाँदिल्ली। प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार ढाल्न षड्यन्त्र गरेको भन्दै भारतमाथि लगाएको आरोपको विषयमा भारतले कुनै प्रतिक्रिया दिएको छैन। उक्त आरोपप्रति दिल्लीका मिडिया र कूटनीतिक क्षेत्रले समेत विशेष चासो देखाएका थिए। तर भारतको विदेश मन्त्रालयद्वारा आयोजित नियमित पत्रकार सम्मेलनमा सञ्चारकर्मीले जिज्ञासा राख्दा प्रवक्ता अनुराग श्रीवास्तवले केही धारणा राखेनन्। बरु उनले नेपाल-भारत सम्बन्धका अन्य आयामहरूको चर्चा गरेर टारेका थिए। 'भारत र नेपालबीच युगौं पुरानो सांस्कृतिक र सामाजिक सम्पर्कमा आधारित गहिरो मित्रवत् सम्बन्ध छ। हामी यो मित्रतालाई थप बलियो बनाउँदै लैजान प्रतिबद्ध छौं,' उनले भने।

# जम्मू-कश्मीरका नेपालीभाषी गोर्खालाई अबस्थायी बासिन्दासरह अधिकार

काठमाडौं। भारत प्रशासित जम्मू तथा कश्मीरमा दशकौंदेखि बसोबास गर्दै आएका नेपालीभाषी गोर्खाहरूलाई स्थायी बासिन्दाको जस्तै मान्यता दिइने भएपछि त्यहाँ रहेका नेपालीभाषीहरूले खुसी व्यक्त गरेका छन्।

भारत सरकारले गत मार्चमा जारी गरेको एउटा नयाँ निवाससम्बन्धी नियम अनुसार आवश्यक प्रक्रिया पूरा गर्ने नेपालीभाषीले अब उक्त क्षेत्रको स्थायी बासिन्दाकै जस्तो अधिकार उपभोग गर्नसक्ने एउटा प्रमाणपत्र पाउने छन्।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार उक्त नियम गत मार्च १८ देखि कार्यान्वयनमा आइसकेको छ। अखिल जम्मू तथा कश्मीर गोर्खा सभाकी अध्यक्ष करुणा क्षेत्रीले सरकारको नयाँ निर्णयले गोर्खा समुदायमा खुसी छाएको बताइन्। जम्मू र कश्मीरमा बसोबास गर्दै आइरहेका भारतकै अन्य राज्यका नागरिकले आफूले त्यस्तो प्रमाणपत्र पाएको भन्दै सामाजिक सञ्जालहरूमा तस्बिर पनि सार्वजनिक गरेका छन्। क्षेत्रीले उक्त प्रमाणपत्रका लागि गोर्खाहरूले अहिले धमाधम आवेदन दिइरहेको जानकारी दिइन्। गत वर्ष अगस्ट ५ तारिखमा भारत सरकारले जम्मू तथा कश्मीरलाई दिइदैं आएको विशेषाधिकार अन्त्य गर्दै जम्मू-कश्मीर राज्यलाई दुईवटा केन्द्र शासित क्षेत्र बनाउने निर्णय गर्दा पनि गोर्खाहरूले यस्तै खुसी व्यक्त गरेका थिए।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार नयाँ नियम अनुसार गोर्खासहित वाल्मिकी समुदाय र पश्चिमी पाकिस्तानी शरणार्थीहरूले अब जम्मू तथा कश्मीरमा स्थायी बासिन्दाको जस्तै अधिकार पाउने छन्। नयाँ व्यवस्था अनुसार लिइने प्रमाणपत्रले गोर्खा समुदायलाई धेरै अधिकार दिइने छ।

नेपालबाट जम्मू-कश्मीरको सेनामा काम गर्न गएका र पछि उतै बसेका गोर्खाका सन्तानहरूले पनि त्यस्ता अधिकारहरूबाट वञ्चित हुनु परेको थियो। तर अब नेपालीभाषीहरूले पनि जग्गा किनबेच गर्न, अचल सम्पत्ति जोड्न, राज्यस्तरका सरकारी सेवामा प्रवेश गर्न र अध्ययनका लागि छात्रवृत्तिका लागि सहभागी हुन पाउनेछन्। जम्मूस्थित गोर्खा समुदायका नेताहरूका अनुसार हाल जम्मू-कश्मीरका विभिन्न स्थानमा हज्जारौं गोर्खाहरू बसोबास गर्छन्। अधिकांश गोर्खाहरू दुई सय वर्षदेखि आफ्ना पुर्खाहरू बसोबास गर्दै आएको दाबी गर्छन्। पहिले कश्मीर उपत्यकासहित विभिन्न क्षेत्रमा छरिएर रहेका गोर्खाहरू अहिले भने जम्मूमा मात्र बसोबास गरिरहेको बताइन्छ।

गोर्खा समुदायका नेताहरूका अनुसार सन् १९६२ मा त्यहाँको राज्य सरकारले प्रत्येक गोर्खा परिवारलाई तीन मर्ला अर्थात् करिब ७६ वर्गमिटर जग्गा दिने निर्णय गरेको थियो। त्यसक्रममा तवी नदीको किनारामा उनीहरूलाई जग्गा दिइएको थियो। जम्मूमा बसोबास गर्ने गोर्खाहरूलाई अब सरकारले आफूले भोगचलन गरिरहेको जग्गा आफ्नै नाममा गरिदिने आशा छ। त्यस्तै अन्य पिछडिएको वर्गका रूपमा विभिन्न अल्पसंख्यकहरूलाई दिइँदै आएको आरक्षण र सुविधा पनि पाइएला भन्ने लागेको छ।

जम्मूमा रहेका गोर्खाहरूको इतिहासबारे जानकारहरू र त्यहाँका गोर्खा समाजका अगुवाहरूका अनुसार त्यस क्षेत्रमा बसोबास गर्ने सबैजसोका पुर्खा सैन्य सेवाका क्रममा नेपालबाट त्यहाँ पुगेको बताउँछन्।

जानकारहरूका अनुसार सुगौली सन्धिपश्चात् तत्कालीन नेपाली सेनामा रहेका बलभद्र कुँवरसहितका गोर्खा फौजका मानिसहरू पञ्जाबको तत्कालीन सिख शासकको सेनामा सहभागी भएका थिए। त्यसबेला जम्मु तथा कश्मीरमा पनि पञ्जाबका शासकले शासन गर्थे।

तर ब्रिटिश इस्ट इन्डिया कम्पनी र सिख शासकबीचको सन् १८४५(४६ को युद्धपश्चात् डोग्रा वंशका गुलाब सिंहले अङ्ग्रेजसँग ७५ लाख भारतीय रुपैयाँमा किनेर जम्मू तथा कश्मीरमा आफ्नो शासन सुरु गरेका थिए।

त्यसक्रममा नेपालबाट सिख सेनामा भर्ना भएका गोर्खाहरू पनि गुलाब सिंहको सेनामा सामेल भएको भारतीय सेनाका अवकाशप्राप्त मेजर जेनेरल तथा 'हिस्ट्री अफ जम्मू एन्ड कश्मीर राइफल्स्, १८२०-१९५६' का लेखक ब्रह्म सिंहले गत वर्ष टेलिफोनमा बीबीसीलाई बताएका थिए।

पछि जम्मूका डोग्रा शासकले राज्य विस्तार गर्दै हाल पाकिस्तानमा पर्ने गिल्गिट बाल्टिस्तानलाई समेत आफ्नो राज्यमा सामेल गरेको र पहाडी क्षेत्रको सुरक्षाका लागि गोर्खा फौजलाई खटाएको सिंह बताएका थिए।






मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं